# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## थुलुङ दुधकोशी गाउँपालिका
## सोलुखुम्बु





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## थुलुङ दुधकोशी गाउँपालिका

## सोलुखुम्बु




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## थुलुङ दुधकोशी गाउँपालिका

## सोलुखुम्बु


**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दीबेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भइ लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

पत्र संख्याः २०७९/८०
च.नं. ११४

मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
थुलुङ दुधकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सोलुखुम्बु ।

१. **कैफियतसहितको राय-** हामीले थुलुङ दुधकोशी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार-**

२.१ गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२ लेखापरीक्षणबाट रू. ४ करोड ४४ लाख ११ हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु. २७ लाख ५ हजार फस्र्योट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ३२ लाख ४८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड २४ लाख ३० हजार र नियमित गर्नुपर्ने रु. १ करोड ६० लाख २८ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रु. ४ करोड ६३ लाख ३६ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. ८ करोड ८० लाख ४२ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३ गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

## थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु
## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७८/७९

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५३ | ८१ | ४४४११ | ० | १५ | २७०५ | ५३ | ६६ | ४१७०६ | ३२४८ | १६०२८ | २२४३० | ० | ० | ३८४५८ | ० |

## प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

*(रु. हजारमा)*

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ८.१ | जिन्सी दाखिलाको प्रमाण पेश | ६४९००० |
| २ | १२ | पारिश्रमिक कर असुल भई आएको | १०१८०५ |
| ३ | १३ | अग्रीम कर असुल भई आएको | १०४७० |
| ४ | २९.३ | शर्शत अनुदान सञ्चित कोष दाखिला भई आएको | १९४३५०० |
| **जम्मा रु.** | | | **२७०४७७५** |

## अद्यावधिक बेरुजु स्थिति

*(रु. हजारमा)*

| जिल्ला | पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| सोलुखुम्बु | थुलुङ दुधकोशी गाउँपालिका | ४६३३६ | ० | ० | ४६३३६ | ० | ४१७०६ | ८८०४२ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु , थुलुङ दुधकोशी गाउँपालिका , सोलुखुम्बु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | खरि धन राई | २०७९-९-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कालि बहादुर रावत | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४१,७०६,६४८.१६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,९८,९७,४९२.७३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४२,८९,८२,१२० | **चालु खर्च** | ३६,६५,७५,५००.२७ |
| **प्रदेश सरकारबाट अनुदान** | २,५८,२१,००० | **पूँजीगत खर्च** | १८,३१,५७,३५७.८४ |
| **राजश्व बाँडफाँट** | ६,६९,८४,८३३.२ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | १४,३८,१५८.२ | | |
| **अन्य आय** | २,२०,११,००४.०२ | | |
| **कुल आय** | ५४,५२,३७,११५.४२ | **कुल खर्च** | ५४,९७,३२,८५८.११ |
| **बाँकी मौज्दात** | | ४,७९,८७,९१४.८७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस थुलुङ दुधकोशी गाउँपालिकाको स्थापना भएको हो ।<br>स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ ।<br>यस गाउँपालिका अन्तर्गत ९ वडा, ४८ सभा सदस्य, १४४.६०वर्ग किलोमिटर क्षेत्रफल तथा १९ हजार ६७२ जनसंख्या रहेको छ । | |
| २ | | | **वित्तिय विवरण** | |

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५६,५५,५४,०७४.०२ | ५९,४५,८६,६३९.९३ | | ५९,४५,८६,६३९.९३ | ४६,७५,४९,१४२.५२ | | ४६,७५,४९,१४२.५२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५६,०१,१४,८२४.०२ | ५८,४०,८८,५४२.०३ | ० | ५८,४०,८८,५४२.०३ | ४६,००,८०,७२९.७८ | ० | ४६,००,८०,७२९.७८ |
| ११००० कर | ११ | ७,७२,००,७०० | ७,०५,४३,३५९.८१ | ० | ७,०५,४३,३५९.८१ | ६,४८,५६,३७९.७८ | ० | ६,४८,५६,३७९.७८ |
| १३००० अनुदान | | ४६,१९,१०,०४० | ४६,६४,१०,०४० | ० | ४६,६४,१०,०४० | ३९,५२,२४,३५० | ० | ३९,५२,२४,३५० |
| संघीय सरकार | १२ | ४२,९१,८२,१२० | ४३,७२,८२,१२० | ० | ४३,७२,८२,१२० | ३७,८०,७९,३५० | ० | ३७,८०,७९,३५० |
| प्रदेश सरकार | १२ | २,९४,२१,००० | २,५८,२१,००० | ० | २,५८,२१,००० | १,७१,४५,००० | ० | १,७१,४५,००० |
| जनसहभागिता | | ३३,०६,९२० | ३३,०६,९२० | ० | ३३,०६,९२० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४००० अन्य राजस्व | | २,१०,०४,०८४.०२ | ४,७१,३५,१४२.२२ | ० | ४,७१,३५,१४२.२२ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ५४,३९,२५० | १,०४,९८,०९७.९० | | १,०४,९८,०९७.९० | ७४,६८,४१२.७४ | | ७४,६८,४१२.७४ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ५४,३९,२५० | ५३,७८,११७ | ० | ५३,७८,११७ | ५६,०९,७४४.८४ | ० | ५६,०९,७४४.८४ |
| धरौटी | | ० | ५१,१९,९८०.९० | ० | ५१,१९,९८०.९० | १८,५८,६६७.९० | ० | १८,५८,६६७.९० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६०,९८,१०,०२६.८२ | ५५,६०,१७,५८६.९६ | | ५५,६०,१७,५८६.९६ | ४३,७१,६७,२८७.३४ | | ४३,७१,६७,२८७.३४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६०,४३,७०,७७६.८२ | ५४,९६,५७,२७८.०६ | | ५४,९६,५७,२७८.०६ | ४३,१२,९७,३९४.३४ | | ४३,१२,९७,३९४.३४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २०,९०,४०,०२० | २०,११,५३,६०१.६१ | ० | २०,११,५३,६०१.६१ | १६,९९,९२,०२८.११ | ० | १६,९९,९२,०२८.११ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १६,४४,९६,०४६ | १४,९२,२५,७१३.८६ | ० | १४,९२,२५,७१३.८६ | १०,३७,१०,६०९.१८ | ० | १०,३७,१०,६०९.१८ |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० | ६२,९१,०१६ | ० | ६२,९१,०१६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७००० सामाजिक सुरक्षा | १८ | ७४,६०,००० | ३२,०४,५९८ | ० | ३२,०४,५९८ | १,०९,७६,४०९ | ० | १,०९,७६,४०९ |
| २८००० अन्य खर्च | १८ | १,६३,८८,६५४.८० | १,६२,२२,९२६.८० | ० | १,६२,२२,९२६.८० | २०,६३,३७० | ० | २०,६३,३७० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २०,६९,८६,०५६.०२ | १७,९८,५०,४३७.७९ | ० | १७,९८,५०,४३७.७९ | १३,८२,६३,९६२.०५ | ० | १३,८२,६३,९६२.०५ |
| घ. अन्य भूक्तानी | | ५४,३९,२५० | ६३,६०,३०८.९० | | ६३,६०,३०८.९० | ४३,७१,६७,२८७.३४ | | ४३,७१,६७,२८७.३४ |
| कोषहरु | | ५४,३९,२५० | ५३,६२,४४७ | ० | ५३,६२,४४७ | ४५,६३,२६७ | ० | ४५,६३,२६७ |
| धरौटी | | ० | ९,९७,८६१.९० | ० | ९,९७,८६१.९० | १३,०६,६२६ | ० | १३,०६,६२६ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (४,४२,५५,९५२.८०) | ३,८५,६९,०५२.९७ | | ३,८५,६९,०५२.९७ | ३,०३,८१,८५५.१८ | | ३,०३,८१,८५५.१८ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ७,२८,८६१.९० | | ७,२८,८६१.९० | १,७८,८०,३०६.९७ | | १,७८,८०,३०६.९७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (४,४२,५५,९५२.८०) | ३,९२,९७,९१४.८७ | | ३,९२,९७,९१४.८७ | ४,८२,६२,१६२.१५ | | ४,८२,६२,१६२.१५ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ४,८२,५७,९१४.८७ | | ४,८२,५७,९१४.८७ | ४०,४२,३५,४०८.२६ | | ४०,४२,३५,४०८.२६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३</td><td></td><td></td><td>थप वित्तिय विवरण<br>पालिकालाई संघिय ससर्त तर्फबाट प्राप्त निम्नानुसारको रकम तथा राजश्व समेतको लेखापरीक्षण समप्न्न भएको छ ।
<table>
<tr><th>ब.उ.सि.नं.</th><th>कार्यक्रमको नाम</th><th>बजेट</th><th>निकासा खर्च रकम</th></tr>
<tr><td>३१४०१०१२३</td><td>सामाजिक सुरक्षा तथा संरक्षण</td><td>९१७४७६३२.००</td><td>८७९२१६७३.००</td></tr>
<tr><td>३६५०१११४</td><td>गैर आवासीय भवन निर्माण</td><td>१३००००००.००</td><td>१२६३०२८०.४३</td></tr>
<tr><td>३३६००१०२३</td><td>गरिवसंग विश्वेस्वर</td><td>४६४०००.०००</td><td>४६४०००.०००</td></tr>
</table>
राजस्व
<table>
<tr><th>गत वर्षको मौज्दात</th><th>यस वर्षको आम्दानी</th><th>संचितकोष दाखिला रकम</th><th>नगद मौज्दात बाँकी</th></tr>
<tr><td></td><td>६२६६६२.००</td><td>६२६६६२.००</td><td>०.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>पि.एस रकमको भुक्तानी<br>सुके पोखरी पर्यटकिय क्षेत्र पुर्वाधार निर्माण कार्य गर्ने निर्माण व्यवसायीको दोश्रो रनिङ विलबाट रु.१३०,०००।— प्रोभिजनलसम वापत भुक्तानी गरेकोमा सो कार्यको विल समावेश नभएको सो खर्च भुक्तानी गर्नुपर्ने प्रमाण (विल) पेश हुनुपर्ने रु.</td><td>१३०,०००</td></tr>
<tr><td>५</td><td></td><td></td><td>आन्तरिक आय लेखाङकन तथा असुलि</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>पालिकाले असुल गर्नु पर्ने राजस्व बक्यौताको अभिलेख लगत अद्यावधिक गर्नुपर्नेमा बक्यौता राजश्व सम्बन्धी अभिलेख तयार गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>५.२</td><td></td><td></td><td>राजश्वको आकलन र श्रोत पहिचान : स्थानिय सरकार संचालन ऐन २०७४ को दफा 65 मा स्थानिय तहले प्रत्येक वर्ष राजश्व अनुमान समिति मार्फत स्रोत पहिचान र अनुमान गरी कार्यपालिकामा पेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व.२०७८।७९ श्रोत पहिचान गरिएका राजश्वको क्षेत्रहरमा नदीजन्य पदार्थको आय अनुमान गरी पारित गरेको पाइएन । पालिका अन्तर्गत निर्माण भइरहेको हाइड्रोपावर कम्पनी तथा अन्य संरचना हरुमा प्रयोग गरिने ढुंगा गिट्टी, वालुवा पालिका भित्रकै नदिहरुवाट उत्खनन र प्रयोग भएकोमा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नेपाल सरकार मन्त्रीपरिषदवाट स्वीकृत ढुंगा गिट्टी, वालुवा उत्खनन र विक्रि व्यवस्थापन मापदण्ड २०७८ वमोजिम आई.ई.ई गराई नदीजन्य पदार्थको उत्खनन वाट राजश्वको आय लाई व्वस्थित गराउनु पर्दछ । साथै हाइड्रो पावर कम्पनीहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत गर्नुपर्ने लगानी समेतको विवरण लिई कार्यक्रम र योजनामा वजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ५.३ | | | **आन्तरिक आय**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा राजश्व वापत प्राप्त रकम दाखिला र लेखा खडा गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले आर्थिक ऐन २०७८ वमोजिम लिइने विभिन्न दस्तुर, शुल्क र अन्य आय प्राप्त भएपछी तोकिएको अवधी भित्रै वैंक दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले राश्व भुकतानी कार्य वडाहरु तथा केद्रमा अनलाइन मार्फत कारोवार संचालन गरेको पाइयो । अनलाइन मार्फत कारोवार गर्दा वडागत रुपमा आम्दानी रसिन नं. जारी गरी संकलन स्वीकृती नगरेको संकलन गरिएको रकम ऐनमा तोकिएकृ अवधी भित्र वैंक दाखिला हुने नगरेको तथा आम्दानी रकमलाई वैंक स्टेटमेण्टबाट मासिक रुपमा भिडान गर्ने गरेको पाइएन । परिक्षणको क्रममा यो वर्ष वडा नं.३ र ४ ले क्रमश श्रावण देखी मार्ग महिना र श्रावण देखी मार्ग महिनामा कुनै राजश्व आम्दानी नदेखाएको, अन्य वडाहरुको आम्दानी रु. १ लाख भन्दा वढी रहेको भएता पनि उक्त वडाहरुमा क्रमश रु.४०७२७।- र रु.२१०००।- मात्र आम्दानी देखाइएको छ । वडा कार्यालयबाट संकलन गरिने राजश्वको दैनिक तथा मासिक असुली र दाखिलाको वैंक भिडान नगरेकोले प्राप्त सबै राजश्व एकिन हुने अवस्था नदेखिएकोले कार्यालयले कार्यालयको ऐनमा तोकेवमोजिम राजश्व असुलीलाई चुहावट हुन नदिई अध्यावधिक गराई श्रेस्ता तयार गर्नु पर्दछ । | |
| ६ | | | **ठेक्काको भुक्तानी अवस्था** | |
| ६.१ | | | **थप ओभरहेड भुक्तानी :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौ ता वमोजिमको कामको रनिङ विलको भुक्तानी गर्दा सम्झौतामा उल्लेखित दररेटवाट हुने रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा कार्यालय भवन निर्माण गर्ने व्यवसायीको रनिङ विल तयार गरी भुक्तानी गर्दा सम्झौताको दरवाट कामको मुल्यांकन गरी विल तयार गरेपछी पुन व्यसायीको नाफा (ओभरहेड) १५ प्रतिशत थप गरी रकम भुक्तानी गर्ने गरेको पाइयो । भौ.नं. १२।२०७८।१२।६ वाट वडा नं. ८ को भवन निर्माण गर्ने व्यवसायी रादुर कन्ट्रक्सनको रनिङ विल भुक्तानी गर्दा अघिल्लोविलमा वढी भुक्तानी गरेको अभरहेड रकम रु.२१०४७८।— कट्टा गरी वांकी रकम रु.१८२३४४६।— मात्र भुक्तानी गर्न सिफारिस गरेकोमा सो रकम कट्टा नै नगरी भुक्तानी गरेकोले वढी भुक्तानी गरेको रु.२५३१२४।— असूल हुनुपर्दछ रु.२५३१२४।— | २,४५८,६१३.१६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २) यसै गरी वडा नं.४ को वडा कार्यालय भवन निर्माण गर्ने निर्माण व्यवसायी रावा कन्ट्रक्सनको दोश्रो रनिङ विल भुक्तानी गर्दा कर विजक अनुसार रु. ३४,०२,८०२।— मात्र बजेट खर्च जनाई भुक्तानी गर्नुपर्नेमा रु.37,68,036।६८ भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.३,७५,२३४।— असुल हुनुपर्ने रु.३,७५,२३४।—<br>३) निम्नानुसारका भौ.नं. र मितिवाट देहायका निर्माण व्यवसायीलाई ओभरहेड थप सहित विलको रकम भुक्तानी गरेकोले यस्तो कार्यमा संलग्नलाई जिम्मेवार बनाई वढी भुक्तानी रकम असुल हुनु पर्ने रु. ७४३९८७।२० | |

| भौ.नं.मिति | ठेक्का नं. | कामको विवरण | विल रकम | ओभरहेड थप रकम | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|---|---|
| ४।०७८।३९।३० | 5।2077।78 | वडा नं.9 कार्यालय भवन | १८६५१५८ | २१५२९३।४२ | रादुर कन्ट्रक्सन पहिलो विल |
| 228।2070।12।2 | 5।2077।78 | वडा नं.9 कार्यालय भवन | २३४८१३२।- | २७१०४२।६१ | रादुर कन्ट्रक्सन दोश्रो विल |
| 193।2078।11।6 | 5।2077।78 | वडा नं.9 कार्यालय भवन | २२१०३७९।- | २५७६५१।१७ | रादुर कन्ट्रक्सन तेश्रो विल |
| | | | ७४३९८७।२० | | |

३.१ उपरोक्तानुसारको विल रकममा थप दिएको मु.अ.कर रकम ९६७१८।३१ समेत यकिन गरी असुल हुनुपर्ने रु.९६७१८।३१

(४) कार्यालयले वडा नं.8 को वडा भवन निर्माण गर्ने निर्माण व्यवसायी रादुर कन्ट्रक्सनलाई रनिङ विल भुक्तानी गर्दा थप भुक्तानी गरेको अभरहेड रकम पाँचौ रनिङ विल वाट रु.७,२७,७६४।४४ कट्टी गरेको भएतापनि अघिल्लो विलवाट सो रकममा मु.अ.कर समेत थप भुक्तानी दिएको रु८३७२५।१३ समेत असुल हुनुपर्ने रु.८३७२५।१३

(५) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ विलको भुक्तानी गर्दा सम्झौतामा उल्लेखित दररेटवाट मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यलयले निम्नानुसारका आधारभुत स्वास्थ्य इकाई निर्माण गर्ने निर्माण व्यवसायिको कामको विल रकम तयार गरी भुक्तानी गर्दा विल रकममा थप १५ प्रतिशतले ओभरहेड समेत भुक्तानी गरेकोले सम्झौता र BOQ भन्दा बढी भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु.९०५८२४।५२

| भौ.नं.मिति | स्वास्थ्य इकाई | निर्माण व्यवसायीको नाम | थप ओभरहेड भुक्तानी रकम |
|---|---|---|---|
| २४५।०७९।३।२२ | देउसा आधारभुत स्वास्थय इकाई | थुलुङ कन्ट्रक्सन | ४३७८३०।५२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२४४।०७९।३।३२</td><td>जुबु वडा नं.५ स्वास्थय इकाई</td><td>राना कन्ट्रक्सन</td><td>४३७९९४।-</td></tr>
<tr><td></td><td></td><td></td><td>९०५८२४।५२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६.२</td><td></td><td></td><td>
निर्माण सामाग्री खपत र भुक्तानी : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ वमोजिम रनिङ विलको भुक्तानी गर्दा वास्तविक सम्पन्न कामको परिमाण नापजाँच वाट प्रमाणित गरी नापी किताबमा उल्लेख भए वमोजिम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत निर्माण भईरहेको वडा कार्यालय भवन निर्माण कार्यमा प्रयोग गरिएको डण्डीको परिमाणको रकम भुक्तानी गरेको पाइयो । भवन निर्माण कार्यमा प्रयोग गरिने डण्डी स्टक्चरल ड्रइङको आधारमा डण्डीकोसाइज र साइज अनुसारको तौलकेजी सहित Barbending Schedule समेत समावेश गरी सोही आधारमा कुल खपत परिमाण यकिन गरेर मात्र भुक्तानी गर्नुपर्नेमा सो अनुसार नगरी निर्माण व्यवसायीलाई भुक्तनी गरेकोले डण्डीको भुक्तानीलाई पुष्टी हुने Barbending Schedule सहितको परिमाण पुन यकिन गरी सो को प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><td>वडा नं.4</td><td>निर्माण व्यवसायी</td><td>2078।79 को भुक्तानी परिमाण</td><td>रकम</td></tr>
<tr><td>४</td><td>रावा कन्ट्रक्सन</td><td>८१४८.२७ के.जी.</td><td>८१४८९७</td></tr>
<tr><td>५</td><td>गगन कन्ट्रक्सन</td><td>8043 के.जी.</td><td>८०४४४२।-</td></tr>
<tr><td>७</td><td>रावा कन्ट्रक्सन</td><td>7982 के.जी.</td><td>७९४२००।-</td></tr>
<tr><td>८</td><td>राहुर कन्ट्रक्सन</td><td>7960 के.जी.</td><td>७९६०००।-</td></tr>
<tr><td>९</td><td>राहुर कन्ट्रक्सन</td><td>7960 के.जी.</td><td>७९६०००।-</td></tr>
<tr><td></td><td></td><td></td><td>४००५५३९।००</td></tr>
</table>
सामाग्री खपत : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ वमोजिम रनिङ विलको भुक्तानी गर्दा स्वीकृत स्पेसिफिकेशन अनुसार सम्पन्न कामको परिमाणको मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रशासनिक भवन मा खपत हुने डण्डीको परिमाण Rcc Quantity Volume को १.९५ प्रतिशत डण्डी रहने उल्लेख गरी यो वर्ष सम्म ३७.5 मे टन डण्डीको रु.41,37,003।— भुक्तानी
</td><td>४,००५,५३९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको छ ।कामको नापजाँच र स्टकचरल ड्रइङ अनुसारको कार्यमा खपत भएमा डण्डीको साइज तथा तौल परिमाणको आधारवाट (bar banding Schedule) खुद तौल यकिन नगरि कुल डण्डी मात्र उल्लेख गरी भुक्तानी गरेकोले डण्डी खपत परिमाण यकिन वेगर प्रतिशत आधारवाट भुक्तानी गरेको सम्बन्धमा पुन डण्डी खपत परिमाण यकिन गरी खर्च पुष्टी हुने प्रमाण पेश हुनुपर्दछ । | |
| ६.३ | | | **गुणस्तर परिक्षण** :- सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम निर्माण सम्वन्धी कार्य गराई भुक्तानी गर्दा स्वीकृत स्पेसिफिकेशन अनुसारको गुणस्तर परिक्षण समेत गराई प्राप्त ल्याव रिपोर्टको आधारमा मात्र भुक्तानी गर्नुपर्नेमा कार्यालयले वडा कार्यालय भवन तथा प्रशासनिक भवनको निर्माण कार्यको भुक्तानी गर्नु अघि निर्माण सामाग्री डण्डी तथा कंक्रिटको तोकिए वमोजिमको क्लिनेस्सी र परिमाणमा गुणस्तर परिक्षण गरी रिपोर्ट लिएको पाइएन ।गुणस्तर परिक्षण वेगरको भुक्तानी गर्ने कार्यमा संलग्नलाई जिम्मेवारी वनाई गुणस्तर परिक्षण गरेर मात्र कामको भुक्तानी गर्नुपर्दछ । | |
| ७ | | | **उपभोक्ता समितिको कार्य र भुक्तानी** | |
| ७.१ | | | **बढी भुक्तानी** :- उपभोक्ता समितिसंग कार्य गराई भुक्तानी गर्दा स्वीकृत लागत अनुमान र सम्झौता वमोजिम तोकिएको कार्य पुरा भई सम्पन्न कामको नापजाँच गरी प्राप्त विलको रकम भुक्तानी गर्नुपर्ने व्यस्था छ ।पालिका स्तरिय खेल मैदान निर्माण कार्य गर्ने उपभोक्ता समितिसँग भएको २०७८।७९ को सम्झौता अनुसारको कार्य गराई रकम भुक्तानी गर्दा सम्झौता रकम भन्दा रु.47596।- बढी भुक्तानी गरेकोले बढी भुक्तानी रकम असूल हुनुपर्ने रु. | ४७,५४६ |
| ७.२ | | | **डि.पि.आर वेगर सडक निर्माण कार्य** :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई जटील प्राविधिक पक्ष समावेश नभएको कार्य गराउन सकिने व्यवस्था छ । पालिकाले डि.पि.आर नभएका विभिन्न वडामा नयाँ ट्रयाक खोल्ने कामको लागत अनुमान तयार गर्दा हेभी मेशिन (स्काभेटर) प्रयोग गरी कटीङको कार्य गराउन विल अफ क्वान्टीटी तयार गर्दा Hard rock, Medium rock, BMS समेतको माटो तथा चट्टान कटिङ कार्यको मेशिनबाट खन्ने जिल्ला दरबाट उपभोक्ता समिति सँग सम्झौता गर्दै कार्य हुने गरेको पाइयो । उपभोक्ता समितिको कामको विल तयार गर्दा मेशिनले कटीङ गरेको माटोलाई प्रतिशतको आधारवाट Hard rock, Medium rock, BMS छुट्याई भुक्तानी गरेको देखियो ।नमूना छनौट गरी परिक्षण गरिएकोमा निम्नानुसारका काममा कटीङ कार्यको भुक्तानी देहाय अनुसार देखिएको छ । | |

| सडकको नाम | भुक्तानी रकम | माटो/चट्टानको प्रतिशत |
|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>तिल खोरिया-नेवारे मन्दिर सडक</td><td>९६०,०००।-</td><td>४८४३.५ घ.मी मध्ये १० प्रतिशत कडा चट्टान, १० प्रतिशत नरम चट्टान वाकी बोल्डरमिक्स</td></tr>
<tr><td>ठुला ढुंगा - कूलावांध सडक</td><td>१०८०८९६।-</td><td>७०३८ घ.मी मध्ये ५ प्रतिशत नरम चट्टान, ३ प्रतिशत कडा चट्टान वाकी बोल्डरमिक्स</td></tr>
<tr><td>च्युरी खर्क-रोलिम-चिरीन्डो सडक</td><td>२७०२०३७।-</td><td>3 प्रतिशत कडा चट्टान, २ प्रतिशत नरम चट्टान वाकी बोल्डरमिक्स</td></tr>
</table>
डि.पि.आर नै तयार नगरिएका सडकमा लागत अनुमान र सम्झौता गर्दा विभिन्न कडा चट्टान र अन्य माटोको परिमाण समावेश गरी उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गराउने र विल तयार गर्दा प्रतिशतको दरवाट माटो र चट्टान छुट्याई भुक्तानी गर्ने यस प्रकारको कार्य नियमावलीको व्यस्था वमोजिम भएको मान्न आधार देखिएन । नियमानुसार मात्र निर्माण कार्य गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७.३</td><td></td><td></td><td>जग्गा स्वामित्व :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ (३) बमोजिम सार्वजनिक निर्माण सम्वन्धी कार्य गराई भुक्तानी गर्नु अघि निर्माणस्थल निश्चित गरेर मात्र कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले हस्तान्तरित रकम युएना डि.पो.को सहायता र उपभोक्ता समितिको संयुक्त लागतमा कृषि प्रर्वद्धन कोशेली घर निर्माण कार्य उपभोक्ता समितिवाट गराई रु. ३९१३७०६।- भुक्तानी गरेको पाइयो । कोशेली घर निर्माण स्थलको जग्गा व्यक्तिगत जग्गा रहेको र जग्गादाता र कार्यालय विच २०७८।४।२५ मा भएको करार (सम्झौता) वमोजिम जग्गादाताले कोशेली घर निर्माण स्थलको जग्गा पालिकालाई लिखित पारित गरिदिने शर्त रहेको भएता पनि लेखापरिक्षण अवधि सम्म उक्त जग्गाको स्वामित्व हस्तान्तरण भै पालिकाको नाममा प्राप्त गरेको पाइएन ।जग्गादाता सँग पछि जग्गा पारित गरिदिने करार सम्झौताको आधार बाट घर निर्माण कार्य गरी खर्च गरिसकेको अवस्था देखिएकोले सम्झौता अनुसार जग्गाको स्वामित्व पालिकाले प्राप्त गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>३,९१३,७०६</td></tr>
<tr><td>८</td><td></td><td></td><td>स्पेशिफिकेशन तथा खरिद</td><td></td></tr>
<tr><td>८.१</td><td></td><td></td><td>मेशिनरी औजार खरिद र भुक्तानी<br>...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२३ को निर्णयबाट रु.६४९०००।-सम्परीक्षण गरिएको ।</td><td>०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.२ | | | **स्पेशिफिकेशन :-**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मेशिनरी औजारको खरिद गर्नु अघि मालसामानको स्पेसिफिकेशन स्वीकृत गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एस.एम. ट्रेडर्सवाट रु.१२५०००।— को i7 laptop खरिद गरी भुक्तानी गरेकोमा उक्त laptop खरिद अघि स्पेसिफिकेशन स्वीकृत नगरी सोझै खरिद कार्य गरी भुक्तानी गरेकोले नियममा भएको व्यवस्था पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ । | |
| ९ | | | **असुली**<br>**पि.एस.आइटमको भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ वमोजिम रनिङ विलको भुक्तानी गर्दा वास्तविक सम्पन्न कामको आधारमा विल तयार गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सुके पोखरी पर्यटकिय क्षेत्र पुर्वाधार निर्माण कार्य गर्ने निर्माण व्यवसायीको दोश्रो रनिङ विलबाट रु.१३००००।— प्रोभिजनलसम वापत भुक्तानी गरेकोमा सो कार्यको विल समावेश नभएको र उक्त रकममा समेतमा मु.अ.कर थप गरी भुक्तानी गरेकाले PS आइटममा थप मु.अ.कर रु.१६९००।- असुल हनुपर्ने रु. | १६,९०० |
| १० | | | **भेरियसन र लागत अनुमानको आधार**<br>बजेट वेगरको भेरिएसन स्वीकृत :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८(२)(घ) भेरिएसन स्वीकृत गर्दा स्वीकृत वजेट तथा कार्यक्रम रहे नरहेको समेत यकिन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रशासकिय भवन निर्माणको कार्य ठेक्का पट्टावाट गराउदै भुक्तानी चालु रहेकोमा कार्यपालिकाको २०७८।१२।२४ को निर्णयवाट आ.व.२०७९।८० मा वजेट व्यवस्थापन गर्ने शर्तमा रु. १२७३३०७।— को भेरिएसन स्वीकृत गरी थप कार्यदेश दिएको पाइयो । योजनामा वजेट नरहेको कार्यमा थप दायित्व श्रृजना गरी भेरिएसन आदेश जारी गर्ने कार्यमा नियन्त्रण गरी कानून वमोजिम मात्र भेरिएसन स्वीकृत हुनुपर्दछ लागत अनुमान स्वीकृती आधार :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा लागत अनुमान तयारी सम्वन्धी व्यवस्था छ ।कार्यालयले प्रशासनिक भवनको लागत अनुमान तयार गर्दा इलेक्ट्रिक्स र स्यानिटरी कार्य वापतको आइटम समावेश नगरी रु.५,१६,०६,६६०।— को लागत अनुमान स्वीकृत गरी ठेक्का वन्दोवस्त गरेको पाइयो । भवन निर्माण कार्य ठेक्का पट्टावाट गराई यो वर्ष सम्म रु. १६४७६५२८।— भुक्तानी गरिसकेको छ । लेखापरीक्षणमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४ वमोजिम तोकिएका अधिकारीले लागत अनुमान स्वीकृत गरिएको प्रमाण पेश भएन । निर्माण व्यवसायी कुँवर डेभलपर्स एण्ड विल्डर्स सँगको दररेट सहितको खरिद सम्झौता तथा निर्माण व्यवसायीको म्याद २०७९।३।२० सम्म रहेकोमा म्याद थप गरेको प्रमाण समेत पेश भएन । नियमानुसार म्याद थप गरी कार्य पुरा गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>(२) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४८ वमोजिम निर्माण सम्बन्धी कामको लागत अनुमान तयार गर्दा सम्वन्धित जिल्लाको दररेट निर्धारण समितले तोकिदिएको दररेटलाई आधार लिनुपर्ने व्यवस्था छ । प्रशासनिक भवन निर्माणको DPR निर्माण कार्य परामर्शदातावाट गराईएकोमा लागत अनुमानको दररेट विश्लेषणमा निम्नानुसारका आइटमहरुको दर विश्लेषण जिल्ला दररेट वाट हुने लागत भन्दा वढी दरवाट कायम गरेको देखियो ।
<table>
<tr><th>आइटम</th><th>जिल्ला दररेटवाट हुने दर प्रति घ.मी</th><th>भवनको ल.ईमा कायम दर प्रति घ.मी</th><th>फरक रकम</th><th>कामको परिमाण</th><th>बढी दरवाट कायम लागत</th></tr>
<tr><td>Pcc1:2:4</td><td>9254.75</td><td>17280.32</td><td>8025.57</td><td>60.84 घ.मी.</td><td>4,88,301 I -</td></tr>
<tr><td>Stone Soiling</td><td>4197.40</td><td>5447.61</td><td>1250.21</td><td>93.35</td><td>1,16,707 I -</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>6,05,008 I -</td></tr>
</table>
परामर्शदातावाट तयार गरिएको DPR लाई ड्राफ्ट रिपोर्ट प्राप्त भएपछि कार्यालयले चेकजाँज गरी फाइनल रिपोर्ट तयार गर्नु अगावै त्रुटीहरु सच्याउन लगाउनु पर्नेमा फाइनल रिपोर्ट अघि कार्यालयले परामर्शदातालाई राय सुझाव पठाएको अभिलेख पेश भएन । जिल्ला दररेट भन्दा वढी दरवाट लागत अनुमान तयार गरेको र सोही दररेटवाट ठेक्का वन्दोवस्त गरी खर्च गर्ने कार्य उचित देखिएन । नियममा भएको व्यवस्था पालना गरेर मात्र खरिद सम्वन्धी कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>लाभग्राहि वैंक खाता तथा रकम निकासा</td><td></td></tr>
<tr><td>११.१</td><td></td><td></td><td>बढी निकासा :- सामाजिक सुरक्षा भत्ता वापतको रकम बैंक प्रणाली मार्फत भुक्तानी चालु रहेकोमा कार्यालयले वडागत लगत अध्यावधिक (Mis)गरी सोही आधारमा भुक्तानी गर्नुपर्ने रकम समेत यकिन गरेर मात्र वैंक लाई पठाउनु पर्नेमा कार्यालयले निम्नानुसारका चौमासकिमा लाभग्राहीले पाउने भन्दा वढी रकम वैंकमा पठाएको पाइयो ।
<table>
<tr><th>विवरण</th><th>प्रथम किस्ता</th><th>दोश्रो किस्ता</th><th>तेस्रो किस्ता</th><th>चौथो किस्ता</th></tr>
<tr><td>बैंक पठाएको रकम</td><td>२१५,४८,४८४।-</td><td>२४९७४४२३।-</td><td>२५१२९१५१।-</td><td>२०५९५१२९।-</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>बैंकले लाभग्राही खातामा जम्मा गरेको रकम</td><td>२०७,२६,५८१।-</td><td>२१४७०८१३।-</td><td>२२५३५२८७।-</td><td></td></tr>
<tr><td>बढी निकासा रकम</td><td>८२१९०३।-</td><td>३५,०३,६११।-</td><td>२५९३८७३।-</td><td></td></tr>
</table>
पालिकाले प्रथम चौमासिकमा ३.८१ प्रतिशत बढी रकम निकासा गरेकोमा दोश्रो चौमासिकमा १४.0२ प्रतिशत बढी रकम निकासा गरेकोमा तेश्रो चौमासिकमा ११.५१ प्रतिशत बढी रकम निकासा गरी चौथो किस्तामा मात्र बढी रकम मिलान गरेको पाइयो । वडागत लगतलाई अध्यावधिक गरी वास्तविक लाभग्राहीको खातामा पठाउनु पर्ने रकम मात्र को.ले.नि.का मार्फत निकासा दिई खर्च गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>११.२</td><td></td><td></td><td>
डम्मी एकाउण्टमा रकम जम्मा :<br>
सामाजिक सुरक्षा वापतको भत्ता वैंकमा पठाई वैंक मार्फत लाभग्राहीको खातामा जम्मा गरिसकेपछी सो को रिभर्स फिड प्राप्त गरी निकासा रकम यकिन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न वडाका लाभग्राहीका खातामा जम्मा गर्ने गरी वैंक रकम पठाउदा लाभग्राहीको नाममा वैंकमा खाता नभएको अवस्थामा समेत नाम मात्र उल्लेख गरी रकम पठाउने गरेको पाइयो । कार्यालयले लाभग्राहीको लागी रकम जम्मा गर्न पठाएको मध्ये नमूना छनौट गरी परिक्षण गर्दा ९ वडा का १७ जनाको खाता नै नखुलेको कारण रकम फिर्ता वा पछिल्लो किस्तामा मिलान गरेको भएता पनि निम्नानुसारका वडाहरका लाभग्राहीले यो वर्षको अन्तरसम्म वैंक खाता नखोलेकोमा वैंकले लाभग्राहीको नामको रकमलाई डम्मी एकाउण्ट खोली रु.423869।— जम्मा गरेको छ ।सम्बन्धित लाभग्राहीले प्राप्त नगरेको रकम फिर्ता नगरेको सम्बन्धमा पुन छानविन गरी उक्त रकम वैंकवाट फिर्ता लिई संघिय संचितकोष दाखिला गर्नुपर्ने रु.४,२३,८६९।-
<table>
<tr><th>वडा नं.</th><th>डम्मी एकाउण्ट संख्या</th></tr>
<tr><td>१</td><td>२</td></tr>
<tr><td>३</td><td>६</td></tr>
<tr><td>४</td><td>८</td></tr>
<tr><td>५</td><td>१०</td></tr>
</table>
</td><td>४२३,८६९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ६ \| १०<br>७ \| १<br>८ \| ३<br>९ \| ११ | |
| ११.३ | | | सामाजिक सूरक्षा भत्ता विरतण कार्यविधि २०७७ अनुसार लाभग्राही अभिलेख अध्यावधिक तथा नवीकरण एवं लगत कट्टा र थप भएको लाभग्राहीको विवरण समेत समबन्धित वडाबाट अद्यावधिक गराई मुल अभिलेख समेतमा दुरुस्त गर्नुपर्नेमा पालिकाले सबै वडाहरुका लाभग्राहीको विवरणलाई दुरुस्त नगरेको कारण बैंकमा बढी निकासा पठाउने,खाता नखोलेको लाभग्राहीको नाममा रकम निकासा गरेको तथा मृत्यु भएका र अन्य कारणबाट पालिका भन्दा बाहिर गएका लाभग्राहीहरुको विवरण समेत अद्यावधिक गराएर मात्र रकम भुक्तानी गर्ने व्यस्था गर्नु पर्दछ । | |
| १२ | | | **पारिश्रमिक करः**<br>..........*(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०७९।१२।२३ को निर्णयबाट रु १०१८०५।-सम्परीक्षण गरिएको ।* | ० |
| १३ | | | **परामर्ष सेवा**<br>..........*(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०७९।१२।२३ को निर्णयबाट रु* १०४७०। *-सम्परीक्षण गरिएको ।* | ० |
| १४ | | | **वडाअध्यक्ष लाइ पेश्की**<br>स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा सभा वाट स्विकृत वजेट प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृत लाइ र प्रमुख प्रशासकिय अधिकृतले महाशाखा वा शाखा प्रमुख र वडा सचिवलाइ प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनु पर्ने व्यवस्था छ। तर पालिकाले वडा का वडा अध्यक्ष हरुलाइ पेश्की दिइ कार्यक्रम संचालन गर्ने गरेको पाइयो। कानूनको पालना गर्नुपर्ने देखियो। वडा अध्यक्षलाइ कार्यक्रम संचालन पेश्की दिएको केहि उदारहण निम्न छन। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ न र मिति</td><td>पेश्कि लिनेको नाम</td><td>पेश्की रकम</td></tr>
<tr><td>२९९।२०७८।१२।२०</td><td>वडा अध्यक्ष राम कुमार राइ</td><td>१००००००</td></tr>
<tr><td>३१४।२०७८।१२।२५</td><td>वडा अध्यक्ष राम कुमार राइ</td><td>५०००००</td></tr>
<tr><td>३१६।२०७८।१२।२५</td><td>वडा अध्यक्ष तिल बहादुर राइ</td><td>६५०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>इन्धन अन्य प्रयोजन<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।पालिकाले इन्धन अन्य प्रयोजन खर्च शिर्षक वाट इन्धन खरिदको विल वाट रु४२०९२५ खर्च लेखेको मा खर्च पुष्टि हुने लगबुक संलग्न भएको पाइएन। खर्च पुष्टिहुने प्रमाण राखेर मात्र खर्च गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>भ्रमण खर्च<br>भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नं. भ्रमणमा खटिनेको नाम दर्जा भ्रमण खटिएको स्थान, मिति समेत खुल्ने गरी अनुसूचि ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वास्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्ने व्यस्था छ । मन्त्रालयले यस वर्ष अनुगमन मूल्याङ्कन खर्चमा रु.१४४०७८० /- र भम्रण खर्चमा रु.१४००००० /- गरी जम्मा रु. २८४०७८०/- खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको पाइएन ।भ्रमण प्रतिवेदन आंशिक रुपमा राख्ने गरेको पाइयो। भ्रमण पश्चात अनिवार्य रुपमा भ्रमण अभिलेख, भ्रमण प्रतिवेदन तथा अनुगमन प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>फरक खर्च शिर्षक<br>स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने र दफा ७३( ७ )मा कार्यपालिकाले सभावाट स्विकृत</td><td>३,३१५,४११</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न पउने छैन भन्ने व्यवस्था छ। पालिकोले निम्नानुसार फरक खर्च शिर्षक वाट भुक्तानी भएको अनियमित रु

| भौचर नं र मिति | विवरण | खर्च लेख्नुपर्ने शिर्षक | खर्च लेखेको शिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| २४४।२२०७।११।२३ | कर्मचारी छनौट वैठक भत्ता भुक्तानी | कर्मचारी वैठक भत्ता | अन्य भत्ता | ३७५०० | |
| १५७।२०७८।१०।१० | कर्मचारी छनौट वैठक भत्ता भुक्तानी | कर्मचारी वैठक भत्ता | अन्य भत्ता | १८००० | |
| १५।२०७८।६।१९ | पदाधिकारी अन्य सुविधा भुक्तानी | पदाधिकारी अन्य सुविधा | पदाधिकारी बैठक भत्ता | १४९५५०० | |
| ४२२।२०७९।३।२ | आदिवासी जनजाती एकता समाज भवन निर्माण वापत उपभोक्ता समिति लाइ भुक्तानी | कार्यक्रम खर्च | विविध खर्च | २८८००० | |
| ४३२।२०७९।३।६ | विज्ञापन छपाइ तथा सुचना प्रकाशन खर्च भुक्तानी | छपाइ तथा सुचना प्रकाशन | मसलन्द तथा कार्यालय सामाग्रि | ५०००० | |
| ५१६।२०७९।३।२४ | इन्धन खर्च भुक्तानी | प्रकोप व्यवस्थापन कोष | इन्धन | ५२१८२२ | लगबुक र कुपन नभएको |
| ५१८।२०७९।३।२४ | भ्रमण खर्च तथा कार्यलय सामान वापत भुक्तानी | भ्रमण खर्च।मसलन्द तथा कार्यालय सामाग्रि | मेशिन औजार मर्मत | ९१२२० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ५३४।२०७९।३।२४ | दुध कौशिका आ वि लाइ पोसाक खरिद वापत भुक्तानी | कार्यक्रम खर्च | मसलन्द तथा कार्यालय सामाग्रि | ७७७६० | |
| २४४।२०७८।११।२३ | वैठक भत्ता भुक्तानी | वैठक भत्ता | अन्य भत्ता | ३७५०० | |
| २६८।२०७८।१२।६ | म स्वा से खाजा खर्च भुक्तानी | कार्यक्रम खर्च | अनुगमन मुल्याङ्कन खर्च | १८००० | |
| ३२४।२०७८।१२।३० | छपाइ वापत को भुक्तानी | पत्रपत्रीका छपाइ तथा सुचना प्रकाशन | विविध | २०००० | |
| २२८।२०७८।१२।३० | सुचना प्रसारण खर्च भुक्तानी | पत्रपत्रीका छपाइ तथा सुचना प्रकाशन | विविध | ४८५९० | |
| ५४३।२०७९।३।२५ | देउसा स्वास्थ चौकी भवन निर्माण वापत को भुक्तानी | पुँजिगत कार्यक्रम | अपाङग सम्वन्धि आय आर्जन कार्यक्रम | २००००० | |
| ५१९।२०७९।३।२४ | नेपियर घाँस विरुवा खरिद तथा वितरण | अगुवा कृषक तालिम कार्यक्रम | नेपियर घाँस विरुवा खरिद तथा वितरण | २४१५०० | फरक कार्यक्रममा खर्च |
| ४०।२०७८।८।१७ | ए टु जेड अर्डर सप्लायर्स वाट कार्यालय सामाग्रि खरिद(स्वास्थ | मसलन्द तथा कार्यालय सामाग्रि | पारिश्रमिक कर्मचारी | १७००१९ | सशर्त स्वास्थ तर्फ |
| जम्मा | | | | ३३१५४११ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **अवकास तथा निबृतिभरण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने र २०७६ श्रावण देखि नियुक्ति हुने कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा गरी सोही बराबर थप गरी योगदानमा आधारीत निवृत्तिभरण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भएकोमा अवकास कोष तथा निवृतिभरण कोष को व्यवस्था गरेको पाईएन । कानूनको पालना गर्नु पर्दछ। | |
| १९ | | | **खर्च पुष्टि प्रमाण नराखेको**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। निम्न बमोजिम खर्चको भुक्तानी गरेकोमा श्रेस्तासाथ खर्च पुष्टि गर्ने प्रमाण राखेको पाइएन। खर्च पुष्टि गर्ने बिल भरपाइ,प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १,५८१,४२७ |

| भौचर नं र मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ४३८।२०७९।३।६ | लक्षित वर्ग कार्यक्रम तर्फ सुपर कम्प्युटर सेन्टर लाइ जर्सि खरिद बापत भुक्तानी | १००००० | बितरण भरपाइ नभएको |
| | | | मु अ कर दर्ता नभएको संग खरिद,वडाको निर्णय नभएको |
| ४७२।२०७९।३।१९ | वर्म सामुदायिक खेल मैदान उपभोक्ता समिति लाइ भुक्तानी | १४४००० | अनुगमन प्रतिवेदन र कार्य सम्पन्न प्रतिवेदन नभएको |
| ४७६।२०७९।३।२० | विरेन्द्र मा वि को छानाको जस्तापाता खरिद वापत भुक्तानी | १९२००० | अनुगमन प्रतिवेदन र कार्य सम्पन्न प्रतिवेदन नभएको |
| ५३९।२०७९।३।२५ | विविध खर्च भुक्तानी | २७५००० | विल भरपाइ नभएको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५२०।२०७९।३।२४</td><td>देउसा मुक्ति विधुत पोल तथा तार व्यवस्थापन ज्यामी ज्याला भुक्तानी</td><td>१०००००</td><td>प्रमाणित डोर हाजिरी नभएको</td></tr>
<tr><td>५३९।२०७९।३।२५</td><td>पाठयक्रम सिकाइ सहजिकरण तालिम</td><td>२४०७</td><td>विल भरपाइ नपुग</td></tr>
<tr><td>५२२।२०७९।३।२४</td><td>खेलकुद सामाग्रि खरिद</td><td>८४९४०</td><td>जिन्सि दाखिला नभएको</td></tr>
<tr><td>६२।२०७८।१०।१२</td><td>स्वास्थकर्मी हरुको लागि वृहत पोषण प्याकेज क्षमता अभिबृदि तालिम</td><td>४२०९८०</td><td>भत्ता वुझेको भरपाइ नभएको।खाजा तथा तालिम सामाग्रि को विल भरपाइ नभएको।तालिमको प्रस्तावना तयार तथा स्विकृत नभएको।</td></tr>
<tr><td>६२।२०७८।१०।१२</td><td>स्वास्थकर्मी हरुको लागि वृहत पोषण प्याकेज क्षमता अभिबृदि तालिम</td><td>२६२१००</td><td>खाजा तथा तालिम सामाग्रि को विल भरपाइ नभएको।भत्ता भुक्तानी गरेकोमा भरपाइ नभएको।उपश्थिति नदेखिएको</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१५८१४२७</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>न्यानो झोला<br>४०।२०७८।८।१७,२९१।२०७९।३।२४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।पालिकाले सि एच मेडिहेल्थ बाट २१० सेट रु २०८८२४ मा र बंगलामुखि मेडिसिन सप्लायर्स बाट १९६ सेट रु १९९४२२ गरि जम्मा ४०६ सेट न्यानो झोला खरिद गरि रु ४०८२४६ खर्च लेखेकोमा न्यानो झोला सम्वन्धित वर्थिङ सेन्टरमा पठाएको प्रमाण पेश नभएको रु.</td><td>४०८,२४६</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>मू अ कर मा दर्ता नभएको संग खरिदः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(२)(१क) मा सार्वजनिक निकायले रु.बीस हजार भन्दा बढीको कुनै खरिद गर्दा</td><td>१३१,८९०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मू.अ.करमा दर्ता भएको व्यक्ति,फर्म, संस्था वा कम्पनिबाट गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसार खरिद गर्दा मू अ कर मा दर्ता नभएको फर्म/संस्था संग खरिद गरेको रकम अनियमित रु
<table>
<tr><th>भौचर नं र मिति</th><th>फर्म को नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>५२०।२०७९।३।२४</td><td>दर्शना स्टोर्स</td><td>खेलकुद सामाग्रि खरिद</td><td>८४९४०</td></tr>
<tr><td>४८२/२०७९/३/२०</td><td></td><td>कार्यालय सामान खरिद</td><td>४६९५०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१३१८९०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>गत आ व को भुक्तानी<br>८।२०७८।६।१९ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायितव नियमावली, २०७७को नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भए आगामि वर्षमा भुक्तानी दिनेगरी महालेखा परीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी कोष तथा लेखा नियन्त्रक वाट प्रमाणित गराइराखुपर्ने व्यवस्था छ।.।पालिकाले स्वास्थ तर्फका १९ जना कर्मचारी को २०७८ असार महिनाको तलव रु ८२५२९१। भुक्तानी गरेकोमा भुक्तानी वाकी को विवरण तयार नगरी भुकतानी गरको नियमित नदेखिएको रु.</td><td>८२५,२९१</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>वढी प्रशिक्षक भत्ता<br>अर्थ मन्त्रालय कार्यसन्चालन निर्देशिका २०७७ मा गाउपालिकास्तर अधिकृतस्तरको तालिमको लागि प्रशिक्षक भत्ता कार्यपत्र वापत रु १००० र कक्षा संचालन वापत रु ४०० गरी रु १४०० तोकिएकोमा निम्न प्रशिक्षकहरुलाइ बढि दरमा प्रशिक्षक भत्ता भुक्तानि गरेकोले बढी भुक्तानी भएको प्रशिक्षक भत्ता असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ न र मिति</th><th>प्रशिक्षक</th><th>दर</th><th>सेशन</th><th>जम्मा</th><th>वढि भुक्तानी दर</th><th>वढी भुक्तानी रकम</th></tr>
<tr><td>५३९।२०७९।३।२५</td><td>दिल कुमार राइ</td><td>२०००</td><td>८</td><td>१६०००</td><td>६००</td><td>४८००</td></tr>
<tr><td></td><td>सुजता राइ</td><td>२०००</td><td>८</td><td>१६०००</td><td>६००</td><td>४८००</td></tr>
</table></td><td>७४,७००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रेम बहादुर तामाङ | २००० | ८ | १६००० | ६०० | ४८०० |
| | जनकराज जोशी | २००० | ३ | ६००० | ६०० | १८०० |
| | केशवदेव गिरी | २००० | ३ | ६००० | ६०० | १८०० |
| | पेमलाल तामाङ | २००० | ३ | ६००० | ६०० | १८०० |
| २९४।२०७८।१२।१८ | इश्वर मगर | २५०० | ६ | १५००० | ११०० | ६६०० |
| | अर्पन मगर | २५०० | ६ | १५००० | ११०० | ६६०० |
| २५२।२०७८।११।३० | विकाश लामा | ४००० | ९ | ३६००० | २६०० | २३४०० |
| | कवित कटवाल | २५०० | ३ | ७५०० | ११०० | ३३०० |
| | अर्पन मगर | २००० | ८ | १६००० | ६०० | ४८०० |
| | इश्वर मगर | २००० | ८ | १६००० | ६०० | ४८०० |
| ५३७।२०७९।३।२५ | राजन सुवेदी | २००० | ९ | १८००० | ६०० | ५४०० |
| जम्मा | | | | | | ७४७०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **मर्मत**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मतगर्दा सम्बन्धित विशेषज्ञबाट लागगत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्द म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु. १६९३७१२/, मेशिन औजार मर्मतमा ३६४६३३/-र निर्मित सार्वजनिक सम्पतिको मर्मत संभार खर्च मा रु३३६५२८/ गरी जम्मा रु.२३९४८७३ /- खर्च गरी पाम्स (PAMS) मा अभिलेख | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | राखेको मा लागत अनुमान तयार नगरेको तथा वडा कार्यालय तर्फको मर्मतको अभिलेख पाम्समा राखेको पाइएन। तोकिएवमोजिम मर्मत अभिलेख खाता अध्यावधिक गर्नु पर्दछ। | |
| २५ | | | **इन्धन खर्च**<br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड तयार नगरी,इन्धन पदाधिकारी मा वजेट विनियोजन नगरी इन्धन (कार्यालय प्रयोजन) वाट रु. २२५९५००/ इन्धन मा खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च रउपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, ईन्धन खर्च र सवारीको प्रयोग (किलोमिटर) बिष्लेशण सहित लग बुक अध्यावधिक गरि इन्धन प्रयोगको व्यवस्थीत अभलेख राख्ने व्यवस्था गर्नुपर्दछ । | |
| २६ | | | **सामानीकरण अनुदान वाट शिक्षक तलव**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका १९ जना शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु६५९६४६६। तलब भत्ता भुक्तानी गरेको अनियमित रु. | ६,५९६,४६६ |
| २७ | | | **सफ्टवेर खरिद**<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणाली को निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। स्थानीय तहले घर नक्सा तथा डिजिटल प्रोफाइल सम्बन्धी सफ्टवेयर खरिद गरी रु १०८८५१६। खर्च गरेको मा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभाग बाट स्वीकृत लिएको देखिएन। यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नु पर्दछ। | |
| २८ | | | **वित्तिय हस्तान्तरण कार्यविधि र कार्यान्वयन स्थिति** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८.१ | | | **कार्यविधि भन्दा फरक गरी खर्च :-** कृषि कार्यक्रम तर्फ प्राप्त वित्तिय हस्तान्तरणको रकमम खर्च गर्दा नेपाल सरकारवाट २०७८।७।३० मा स्वीकृत प्रदेश तथा स्थानीय तहमा शर्शत वित्तिय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २७८ अनुसार गर्नुपर्ने व्यवस्था छ । पालिकाले मकै उत्पादन प्रवर्दन कार्यक्रममा प्राप्त रकम वाट वडा नं.३ प्रविन कृषि तथा पशुपंक्षी फर्मलाई ५० प्रतिशत अनुदानमा राइसमिल स्थापना सम्बन्धी प्रस्ताव स्वीकृत गरी फर्मले मु.अ.कर. विजक नरहेको मेशिन खरिद कार्यमा ढुवानी सहित रु. १८१०००।- भुक्तानी गरेको छ ।कार्यक्रम संचालन कार्यविधि भन्दा फरक गरी मु.अ.कर विजक वेगरको खरिद कार्यमा गरेको अनियमित खर्च रु.१८१०००।- | |
| २८.२ | | | **पकेट क्षेत्र कार्यक्रम खर्चको आधार :-** प्रधानमन्त्री कृषी आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलमा वाख्राको पकेट संचालन गर्दा हिमाली क्षेत्रमा ६०० वाख्रा हुनुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष वडा नं.१ का १३ वटा व्यक्तिगत फर्मफलाई छनौट गरी रु.१ लाख देखी रु.१ लाख २८ हजार सम्मका दरले वितरण गरी रु.१२०००००।- खर्च गरेको पाइयो । कार्यालयले वाख्रा पकेट संचालन गरी छनौट गरिएका १३ वटै फर्ममा ६०० भन्दा घटी वाख्रा रहेकोले कार्यक्रम संचालनको लागि तोकिएको न्यूनतम आधार पुरा नगरी अनुदान वितरण गरी खर्च गरेको यो खर्चका सम्बन्धमा पुन यकिन गर्नुपर्दछ । साथै कार्यक्रम संचालन गर्दा व्यक्तिगत फर्महरुमा छुट्टा छुट्टै रुपमा रकम उपलब्ध गराएको र फर्महरुले पकेट कार्यक्रम संचालन गर्न एकै सम्झौता मार्फत कार्य नभएको र प्राविधिकको स्थलगत प्रतिवेदन प्रगती विवरण र अनुगमन प्रतिवेदन समेत पेश नभएकोले सो सम्बन्धी प्रतिवेदनको प्रमाण पेश हुनुपर्ने । | |
| २८.३ | | | **कार्यक्रम पेश्की खर्च :-** नेपाल सरकारवाट स्वीकृत प्रस्तावमा आधारित व्यवसायिक कृर्षि कार्यक्रम संचालन कार्यविधि २०७८।०७।३० मा प्रस्तावमा आधारित मध्यम प्रविधियुक्त वहुउदेश्य फलफूल नर्सरी कार्यक्रम वापत अनुदान प्रदान गर्दा प्रस्ताव आह्वान गरी तोकिएको आधार पुरा गरेका प्रस्तावदाता फर्म सँग कार्यक्रम संचालन सम्झौता गरी कार्य सम्पन्न पश्चात रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो कार्यक्रम संचालन गर्न वडा नं.७ का वडाध्यक्षलाई रु.४५०,०००।- पेश्की दिएको र उक्त पेश्की फछ्र्यौट गर्दा इकिमा अर्गानिक कृषि तथा पशुपंक्षि पालन फर्मले खरिद गरेको पाइयो । कार्यक्रम संचालन कार्यविधी वमोजिम प्रस्ताव आह्वान सूचना तथा छनौट र इकिमा फर्म फलफुल नर्सरी को कार्य गर्ने संस्था रहे नरहेको यकिन गर्न सकिएन। साथै उक्त कार्यक्रमको लागत अनुमान, परियोजना प्रस्ताव र कार्यालयका प्राविधिकको स्थलगत अनुगमन प्रतिवेदनका प्रमाण पेश नभएको रु. ७०००००।<br>**संस्था छनौट आधार :-** कार्यक्रम संचालन कार्यविधि २०७८ को परिच्छेद १ दफा २(ख) मा अनुदान ग्राही को व्यवस्था गरीएको छ । पालिकाले कृषि अनुदान तर्फका कार्यक्रम संचालन गरी अनुदान पाउने संस्थाहरुको छनौट गर्दा गैर सरकारी संस्था, फरक उद्धेश्यले | ७००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दर्ता भएका संस्था, एक कामको उद्धेश्य राखी दर्ता संस्थालाई एक भन्दा वढी प्रयोजनाको अनुदान समेत भुक्तानी गर्ने गरेको छ । नमूना छनौट गरी परिक्षण गरिएकोमा पालिकाले निम्नानुसार संस्थालाई फरक/फरक आधारवाट देहायअनुसारको अनुदान रकम भुक्तानी गरेको पाइयो ।
<table>
<tr><th>संस्थाको नाम</th><th>भुक्तानी रकम</th><th>कार्यक्रम</th><th>कैफियत</th></tr>
<tr><td>देउसा कृषि वन श्रोत केन्द्र</td><td>५,००,०००।-</td><td>तोरि पकेट कार्यक्रमवाट गत वर्ष र यस वर्ष थप</td><td>गैर सरकारी संस्था</td></tr>
<tr><td>दुधकोशी वहुउद्देश्य पशु फर्म</td><td>१,००,०००।-</td><td>तोरि पकेट कार्यक्रमवाट गत वर्ष र यस वर्ष थप</td><td>वाखा पालन उद्देश्य रहेको संस्था</td></tr>
<tr><td>जालीम देवी बहुउद्देश्य कृषि तथा पशुपालन फर्म</td><td>३९,०००।-</td><td>तोरी पकेटको लागि देउसा कृषि वन श्रोत केन्द्रवाट तोरी खरिद विल रु.39000</td><td>पशु पालन उद्देश्य रहेको संस्थालाई तोरी पकेटको अनुदान</td></tr>
<tr><td>हरीयाली कृषि उत्पादन तथा प्रशोधन केन्द्र</td><td>४,५०,०००।-</td><td>गत वर्ष र यस वर्ष तोरी पकेट कार्यक्रमबाट रकम भुक्तानी गरेको</td><td>करमा दर्ता हुदा अन्य संस्थाको रुपमा दर्ता भएकोमा पालिकाले कृषक समुहमा दर्ता गरी कृषि अनुदान रकम भुक्तानी गरेको ।</td></tr>
</table>
उपरोक्तानुसार कृर्षि अनुदान रकम स्वीकृत कार्यविधि अनुसार भुक्तानी नगरोले वित्तिय हस्तान्तरण अन्तर्गतको रकम स्वीकृत कार्यविधी अनुसार मात्र खर्च गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२८.४</td><td></td><td></td><td>कार्यविधि विपरित कार्यमा खर्च :- पालिकालाई प्राप्त कृषि कार्यक्रमको शर्शत रकम प्रदेश तथा स्थानीय तहमा शर्शत वित्तिय हस्तान्तरण भएमा कृषि कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०७८ को आधारमा कार्यक्रम संचालन गरी खर्च गर्नुपर्ने व्यस्था छ ।कार्यक्रम संचालन कार्यविधिको परिच्छेद ३ को २५ नं. मा मकै वाली पर्वधन कार्यक्रममा छनौट भएका कृषक, उद्धमी, कृषक समुह र कृषि सहकारी लाई तोकिएको आधारमा छनौट गरी ५० प्रतिशत अनुदानमा मकै खेती कार्यक्रम संचालन गर्न सकिने व्यस्था भएकोमा पालिकालाई प्राप्त मकै प्रवर्धन कार्यक्रमको रु.२५०००००।- बाट कार्यक्रम संचालन गर्दा ११ संस्थाहरुलाई भकारो गोठ सुधार</td><td>११०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तर्फको कार्यमा रु.१०,०००।- का दरले रु.१,१०,०००।- भुक्तानी गरेको पाईयो । निर्देशिका भन्दा फरक गरी अन्य क्रियाकलापमा रकम खर्च गरेको अनियमित देखिएको रु. | |
| २९ | | | **शिक्षा तर्फको कार्यक्रम तथा तलब भत्ता खर्च अवस्था** | |
| २९.१ | | | **थप रकम निकासा :**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रवाट प्रकासित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ मा नयाँ शैक्षिक सत्र शुरु भै विध्यालयमा भर्ना भएका विध्यार्थी लाई पाठ्यपुस्तक खरिद वापत तोकिएको दरवाट रकम उपलब्ध गराउदा ७५ प्रतिशत रकम उपलब्ध गराउनुपर्ने गरी तोकिएको छ । उक्त रकमवाट विध्यालयले पाठ्यपुस्तक वापतको रकम भुक्तानी गरिसकेपछी रकम नपुग हुने भएमा थप २५ प्रतिशत रकम निकासा दिन र शैक्षिक सत्र को EMIES Data लिई विध्यार्थीको सत्यापन गराई थप रकम खर्चको यकिन गर्नुपर्ने गरी तोकिएको छ । कार्यालयले पाठ्यपुस्तक खरिद वापत विभिन्न विध्यालयलाई ७५ प्रतिशतले हुने रु.१९,१२,७८६।— निकासा गरिसकेपछी थप २५ प्रतिशतले हुने रु.९,४१,४५३।— समेत ४० विध्यालयलाई निकासा गरेको छ ।कार्यक्रमको कार्यान्वयन निर्देशिकाको व्यवस्था वमोजिम थप दिएको रकम सहित विध्यालयहरुवाट EMIES तथ्याङ्क लिई विध्यार्थीको सत्यापन गर्नुपर्दछ ।सत्यापनवाट पुरै रकम खर्च भएको नपाइएमा रकम फिर्ता लिई संघिय संचितकोष फिर्ता हुनुपर्ने समेत देखिएकोले थप पाठ्यपुस्तक रकम विध्यार्थी संख्या र कक्षागत पुस्तक दरको भिडान प्रमाण पेश हुनुपर्ने रु. | ९४१,४५३ |
| २९.२ | | | **दिवा खाजा**<br>वित्तिय हस्तान्तरणवाट प्राप्त रकम खर्च गर्दा स्वीकृत कार्यविधिको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई प्राप्त शिक्षा शर्शत तर्फको रकमवाट विद्यालयहरुमा दिवा खाजा कार्यक्रम संचालन गरी खर्च गर्दा कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८ अनुसार सम्वन्धित विद्यालयहरुलाई दिदा खाजा कार्यक्रम संचालन गरेको, विद्यालयहरुको उपस्थिती तथा खर्च अभिलेखको प्रमाण लिएर रकम निकासा दिई खर्च गर्नुपर्नेमा अधिकाकांश विध्यालयवाट हाजिरी मात्र पेश गरेको आधारमा रकम खर्च गर्ने गरेको पाईयो । कोरोना संक्रमणको कारण २०७७।७८ मा शैक्षिक सत्र तोकिएको अवधिमा शुरु नभएको, विद्यालयहरु सम्पुर्ण लकडाउन भै २०७६।१२।१३ देखि २०७७ मार्ग सम्म तथा २०७८ वैशाख देखी आषाढ सम्म नै वन्द रहेको अवधी समेतमा विद्यालयहरुले दिवा खाजा संचालन गरेको प्रमाण समेत समावेश नगरी२०७७।७८ को छुट रकम उल्लेख गरी २०७८।७९ को वजेट र कार्यक्रमवाट ४७ विद्यालयहरुलाई रु.२५,०८,०८९।- निकासा दिई खर्च गरेको पाइयो । कार्यालयले २०७८।७९ मा विद्यालयहरु | २,५०८,०८९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संचालन भएको अवधीमा दिवा खाजा वापत रु.२१,९०,४४१।— मात्र निकासा खर्च गरेकोमा विद्यालयहरु लकडाउन भै वन्द रहेको अवधी २०७७।७८ को लागी सो भन्दा बढी रकम निकासा दिएको छ ।नमूना छनौटवाट देउसा मा.वि. ले २०७८ माघ देखि २०७९ आषाढ सम्मको खाजाको रकम २०७९।०५।२४ मा मात्र बुझाएको, एकै कक्षा र एउटै विध्यार्थीको नाममा भुक्तानी देखिएको छ । खर्चको प्रमाण नरहेको, विध्यालय बन्द रहेको अवधीमा बढी रकम निकासा खर्च गरेको सम्बन्धमा पुन छानविन गर्नुपर्दछ । अघिल्लो वर्षको रकम पछिल्लो वर्षमा निकासा गरेकोले उक्त रकम विद्यालयहरुले २०७७।७८ मै खर्च गरेको प्रमाण लिई खर्च रकम यकिन गर्नु पर्दछ ।गत वर्षको भुक्तानी बाँकिमा प्रमाणित नरहेको रकम २०७८।७९ को शर्शत कार्यक्रमको रकमवाट पुर्व स्वीकृती वेगर भुक्तानी गरेको अनियमित रु. | |
| २९.३ | | | **शर्शत अनुदान खर्च**<br>**...........** ***प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२३ को निर्णयबाट रु १९४३५००।-सम्परीक्षण गरिएको ।*** | ० |
| २९.४ | | | शिक्षा नियमावली २०५९ को नियम १७९ बमोजिम कुनै कामको लागि आवस्यक भन्दा बढि रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारवाही गरि बढि निकासा वा खर्च भएको रकम सम्बन्धित पदाधिकारीवाट असुल गरिने व्यवस्था छ । कार्यालयले शिक्षकको तलब भत्ता बापत प्राप्त रकम निकासा दिई खर्च गर्दा निम्नानुसार देखिएको छ ।<br>**प्र.अ भत्ता :-** विध्यालयका प्रधानध्यापकलाई दिइने भत्ता रकम सम्वन्धित विध्यालयको दरवन्दीमा कार्यरत प्रधानाध्यापकलाई मात्र तोकिएको दरमा प्र.अ. भत्ता दिने व्ययस्था छ ।पालिकाले चित्र गुप्ता प्रा.वि. पाचपाण्डव तथा जनप्रिय प्रा.वि.मा कार्यरत वालकक्षाका स.का हरुलाई समेत प्र.अ.भत्ता भुक्तानी गरेकोले नपाउने प्र.अ. भत्ता वापतको रकम असुल हुनुपर्ने रु.७२००।-<br>1. स्थानीय तह अन्तर्गतका विध्यालयहरुको विध्यार्थी अनुपातको आधारमा समायोजन तथा तह मिलान कार्य समेत पालिकाको अधिकार भित्ररहेको छ । यो वर्ष चित्र गुप्ता आ.वि.मूक्ली मा विध्यार्थी अभाव देखाई सो विध्यालय लाई अन्य विध्यालयमा समायोजन गरेकोमा १ जना सहयोगी कार्यकर्ता र कार्यालय सहयोगीलाई वर्ष भरिनै सोही विध्यालयमा राखी रु.१८२०००।- खर्च गरेको पाइयो । निर्णयानुसार विध्यालय समायोजन कार्यान्वयन गर्नुपर्दछ ।<br>2. सरस्वती आ.वि नेलेका शिक्षक हरीकुमार श्रेष्ठ २०७८।७।१६ वाट अवकाश भएकोमा निजको नाममा प्रथम चौमासिकमा रु.२४७५७९।- भुक्तानी रेकोले वढी भुक्तानी गरेको रु. ५०७०।- असुल हुनुपर्ने रु.५०७०।-<br>3. कालिका आ.वि.वडा नं.५ का शिक्षक जयकला राई २७८।६।७ देखि जिल्लास्तर सरुवा भै गएकोमा निजको नाममा पहिलो | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | चौमासिक र चाडपर्व खर्च वापतको पुरै रकम भुक्तानी गरेकोले वढी भुक्तानी दिएको असुल हुनुपर्ने रु.94064।03<br>4. भुवनेश्वर आ.वि.का शिक्षक एकराज वास्तोला २०७८।९।१२ देखी नेचा सल्यान गा.पा. सरुवा भै गएकोमा निजको नाममा २०७८ माघ सम्मको तलब भत्ता निकासा गरेकोले वढी निकासा रकम असुल हुनुपर्ने रु.58934।39<br>5. दुधकौशिका मा.वि. मा शिक्षक ज्ञानकुमार वास्तोला २०७८।९।११ वाट नयाँ नियुक्ती भएकोमा दोश्रो चौमासिकमा जोड जम्मा गरी भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु.2346।-<br>6. शिशु कल्याण आ.वि. शिक्षक सोहटी ढुंगाना २०७८।९।२४ मा नियुकती भएकोमा रु.३६७३१।- भुक्तानी गर्नुपर्नेमा रु.३८७७२।- भुक्तानी गरेकोले वढी भुक्तानी रकम असुल हुनुपर्ने रु.२०४०।-<br>7. जनसेवा मा.वि. लोखिमका शिक्षक निर्मल खड्का २०७८।८।१९ मा मात्र नियुक्ती भएकोमा निजको नाममा २०७८ मंसिर - माघ को निकासा गर्दा पुरै महिनाको रकम निकासा गरेकोले वढी निकासा रकम असुल हुनुपर्ने रु.१९३८६।-<br>8. जनता मा.वि. लाखिम का शिक्षक हेमराज पंत २०७८।८।९ देखि नियुक्ती भएकोमा निजको नाममा सो महिना पुरै महिनाको रकम निकासा गरेकाले वढी रकम असुल हुनुपर्ने रु.८५८६।-<br>9. हिमालय मा.वि. जुबुका निम्न शिक्षकहरुले देहायको अवधिमा राजीनामा दिई सेवावाट अलग भएकोमा २०७८ चैत्र महिनाको पुरै रकम भुक्तानी गरेकाले वढी भुक्तानी रकम असुल हुनुपर्ने रु.८०३९९।- | |

| क्र.सं. | नाम थर | राजिनामा मिति | बढी भुक्तानी रकम |
|---|---|---|---|
| १) | वल वहादुर राई | 2078।12।10 | 29987।00 |
| २) | चनु वहादुर राई | 2078।12।11 | 28172।00 |
| ३) | नौबरी राई | 2078।12।15 | 22240।00 |

10.भुवनेश्वर आ.वि. पचनका शिक्षक लब कुमार कोइराला २०७८।९।२६ मा सरस्वती पुर्वरत्न आ.वि. नेचा सल्यानवाट सरुवा भै २०७८।१०।१६ को निर्णयानुसार २०७८।११।१ देखी राजीनामा दिई सेवावाट अलग भएकोमा पालिकाले निजको नाममा भुवनेश्वर आ.विमा तलब भत्ता निकासा गरेकोमा विध्यालयको हाजिरी उपस्थिती तथा विध्यालयवाट तलबभत्ता माग फारम समावेश नगरी खर्च गरेकोले खर्च पुष्टि हुने प्रमाण पेश हुनुपर्ने रु.४४४७२।-

11.सरस्वती आ.वि. मूक्ली का शिक्षक टीकाराम राई २०७८।११।२३ वाट राजीनामा दिई सेवावाट अलग भएकोमा निजको नाममा

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पुरै निकासा दिएकोले वढी भुक्तानी रकम असुल हुनुपर्ने रु.11914।93<br>12.दुध कौशिका मा.वि. का शिक्षक संजय कुमार शाख २०७८।६।१७ बाट जिल्लान्तर सरुवा भै गएकोमा निजको नाममा २०७८ आश्विन र कार्तिक पुरै रकम विध्यालयमा निकासा दिएकाले वढी भुक्तानी रकम असुल हुनुपर्ने रु.61S709।67<br>13.शिशु कल्याण आ.वि. देउसा का शिक्षक सोहरी ढुंगाना २०७८।१२।६ देखी सरुवा भै अन्यत्र निजको नाममा २०७८ चैत्रको पुरै रकम निकासा गरेकाले बढी भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु.२४४८७।-<br>14.हिमालय मा.वि.जुबुका शिक्षक बलराम कुलुङ २०७८।१२।२४ देखि मात्र नियुक्त भएकोमा निजको नाममा रु.८८६५।- निकासा गर्नुपर्नेमा बढी निकासा दिएको असुल हुनुपर्ने रु.४६५।-<br>15.कालिकादेवी मावि पचनका शिक्षक मिन प्रसाद कोइराला २०७८।१२।१५ देखी राजीनामा दिई सेवावाट अलग भएकोमा निजको नाममा २०७८ चैत्रको पुरै रकम भुक्तानी गरेकोले बढी भुक्तानी रकम असुल हुनुपर्ने रु.२२२४१।-<br>16.जलकुण्ड आ.वि. लोखिम का शिक्षक सुकमाया तामाङको २०७८ श्रावण देखी २०७९ असाढ सम्म छुट ग्रेड उल्लेख गरी विध्यालयको माग फारामको आधारमा रु.२८५९९।- भुक्तानी गरेकोमा विध्यालय शिक्षक कितवाखानाको पारित ग्रेड प्रतिवेदन समावेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु.28599।- | |
| २९.५ | | | यो वर्षको लागि निकासा उपलब्ध गराएको रकमवाट विध्यालयहरुले दिवा खाजा संचालन गरी खर्च गरेको खर्च पुष्टि हुने विल भर्पाई तथा वितरण भर्पाईको प्रमाण संलग्न नगरी विद्दार्थिको हाजिरी मात्रको आधारमा निकासा दिएको रकम सम्बन्धित कार्यमा खर्च गरेको प्रमाण पेश हुनुपर्ने रु. | २,१९०,४४१ |
| २९.६ | | | विषयगत शसर्त अनुदान तथा अन्तर सरकार अख्तियारी खर्च गर्दा तोकिएको निर्देशिका पालना गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघ तथा प्रदेशबाट प्राप्त समानीकरण अनुदानवाट विभिन्न विध्यालयमा विषयगत शिक्षकको आवस्यकता देखाई १९ जना शिक्षकको तलब भत्तामा रु.६५९६४११।- खर्च गरेको छ । | |
| २९.७ | | | **कार्य सम्पन्न स्थिती :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ वमोजिम राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमवाट विध्यालय कक्षा कोठा निर्माण कार्यको लागि छनौट भई रकम निकासा गरिएका विध्यालयहरुलाई स्वीकृत रकमवाट तोकिए बमोजिमको निर्माण कार्य पुरा गरी सो को कार्य सम्पन्न प्रतिवेदन समेत तयार गर्नुपर्नेमा लेखापरीक्षण अवधी सम्म निम्न विद्यालयहरुलाई दिएको निकासा रकमवाट कक्षा कोठा निर्माण कार्य पुरा भएको प्रमाण पेश नभएको सो कार्य पुरा गरेको प्रमाण पेश हुनु पर्ने रु. | ५,४००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>विध्यालयको नाम</td><td>निकासा रकम</td></tr><tr><td>जनता मा.वि लोखिम</td><td>१८,००,०००।-</td></tr><tr><td>जीवन ज्योती कागेल</td><td>३६,००,०००।-</td></tr></table> | |
| ३० | | | **रोजगार कार्यक्रम भुक्तानी अवस्था**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत छनौट गरी संचालन गरिएका योजनाहरु पालिकाहरुले सामाग्रीमा सहभागिता गर्न सक्ने व्यवस्था संचालन कार्यविधि निर्देशिकामा रहेको छ । यो कार्यक्रममा सूचिकृत वेरोजगार हरुलाई वढीमा १०० सम्मको ज्याला वापतको रकम भुक्तानी गर्न सक्ने व्यवसथा छ । पालिकाले वडा नं. ३ मा संचालित फूपैडाडा सडकको घुम्तीमा ग्याबियन वाल समेतको कार्य ९ जना कामदारवाट गराई १०० दिनको हुने रु.५१९३००।- भुक्तानी गरेकोमा उक्त काम गराउदाको निर्माण डिजायन समावेश नगरेको, जाली खरिदको विजक समावेश नभएको र तारजाली माथि सुख्खा ढुंगाको पर्खाल लगाएको कामको समेत मुल्यांकन गरी विल तयार गरेकोमा मेजरमेन्ट सिट तयार नगरी ज्याला भुक्तानी गरेकोले ज्याला वापत भुक्तानी गरेकोले जाली खरिदको विजक र नापी किताब पेश हुनु पर्ने रु. | ५१९,३०० |
| ३१ | | | **हस्तान्तरित कार्यक्रम कार्यन्वयन स्थिति** | |
| ३१.१ | | | **कार्यस्थिती :** वित्तिय हस्तान्तरण अन्तर्गत प्राप्त रकमवाट कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएको कार्यविधि पुरा गर्नुपर्ने व्यवस्था छ ।पालिकालाई सुरक्षित नागरिक आवास कार्यक्रममा घरमा जस्तापाता छाउने कार्य गर्न २०७७।७८ मा २ किस्तामा रु.५००००।- दिने सम्झौता गरी ३४७ जनाले रु.30000।-का दरले पहिलो किस्ता उपलब्ध गराईएका लाभग्राही मध्ये विभिन्न वडाका ८८ जनाले काम पुरा गरी दोश्रो किस्ता भुक्तानी नलिएकोले उक्त कार्यमा निकासा पहिलो किस्ता रकम वाट काम पुरा नगरेका सो रकम फिर्ता लिई संघिय संचितकोष दाखिला हुनुपर्ने रु. | २,६४०,००० |
| ३१.२ | | | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलमा यो परियोजनावाट प्रदान गरिने अनुदान रकम प्राप्त गर्ने लाभग्राही प्रचलित कानून वमोजिम सम्बन्धित कार्य गर्ने उधेश्य राखी दर्ता हुनुपर्ने व्यवस्था छ । पालिकाले परियोजना तर्फको वाख्रा पकेटको कार्यक्रम संचालन गरी खर्च गर्दा सेतीदेवी वहुउधेश्य कृषि फर्मलाई छनौट गरी रु.३ लाख अनुदान उपलब्ध गराएको छ । | ३००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लेखापरीक्षणमा उक्त फर्म घरेलु तथा साना उधोग समिति सोलुखुम्बुमा तरकारी तथा फलफुल खेती गर्ने उधेश्य राखी दर्ता भएको पाइयो । कामको उधेश्य फरक रहेको फर्मलाई गत वर्ष वाख्रा पकेटमा छनौट गरी तथा यो वर्ष निरन्तरता समेतको कार्यमा रु.३,००,०००।- अनुदान उपलब्ध गराई खर्च गरेको कार्य अनियमित देखिएको रु. | |
| ३२ | | | **वढी भुक्तानी**<br>पदाधिकारीको सेवा सुविधा सम्वन्धी ऐन २०७५ मा पदाधिकारीलाइ दिइने सुविधा तोकिएको छ।वडा नं ९ का वडा सदस्य श्री पूर्णिमाया तामाङ लाइ मंशिर महिनाको पारिश्रमीक सुविधा भुक्तानी गर्दा रु ७५०० भुक्तानी गर्नुपर्नेमा ५ महिनाको रु ३७५०० भुक्तानी भएको पाइयो।४ महिनाको वढी भुक्तानी भएको रु ३००००। असुल गर्नुपर्ने रु. | ३०,००० |
| ३३ | | | **वढी सुविधा**<br>पदाधिकारी सुविधा सुविधा सम्वन्धि ऐन २०७५ मा पदाधिकारीहरुले सपथग्रहण गरको मिति देखि पारिश्रमिक सुविधा पाउने उल्लेख छ।स्थानिय तहको निर्वाचन पश्चात निम्न पदाधिकारीहरुलाइ सपथ ग्रहण मिति भन्दा अगाडि देखिको (बैसाख महिना पुरै) भुक्तानी भएको पाइयो।बढी सुविधा असुल गर्नुपर्ने रु. | १९६,५६१ |

| पद | संख्या | मासिक सुविधा | बढी भुक्तानी दिन | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| अध्यक्ष | १ | ३४००० | ३ | ३४०० |
| उपाध्यक्ष | १ | ४०००० | ५ | ६६६७ |
| वडा अध्यक्ष | ९ | २०००० | १० | ५९९९४ |
| कार्यपालिका सदस्य | ६ | १२००० | १० | २४००० |
| वडा सदस्य | ४१ | ७५०० | १० | १०२५०० |
| जम्मा | | | | १९६५६१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **न्याय सम्पादन प्रकृया** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्वन्धि व्यवस्था छ। न्यायिक समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिमका विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणलाइ प्राप्त विवरण अनुसार यस पालिकामा आ ब २०७७।७८वाट जम्मा २ मुद्दा सरिद्द आएको र यस वर्ष ११ मुद्दा दर्ता भएको मध्ये ११ मुद्दा फर्छ्यैट, १ मुद्दा सम्वन्धित कार्यालयमा सिफारिस भइ १ मुद्दा बाँकि रहेको देखिएको छ। न्याय सम्पादन प्रकर्यालाइ ऐनले तोकेको म्यादभित्र फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |
| ३५ | | | **सम्पत्ति उपयोग र संरक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिका अन्तर्गतका सबै सम्पत्तिहरुको नेपाल सरकारबाट स्वीकृत ढाँचामा (PAM) मा अभिलेख गरी अद्यावधिक गरेको पाइएन ।पालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख नराखेको साथै ♣सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड तयार गरेको छैन। सार्वजनिक, पर्ती, ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको सम्वन्धमा अनुगमन भएको पाइएन। ऐन बमोजिम सम्पत्ति व्यवस्थापन कार्य हुनुपर्दछ । | |
| ३६ | | | **जिन्सी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा जिन्सी सामानको लगत तयार गर्नुपर्ने नियम ९६ मा मुल्य कायम गरी राखुपर्ने नियम ९९ मा जिन्सी निरिक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको छैन।पालिकाले पाम्स (PAMS) मा जिन्सी अभिलेख राखेता पनि वडा कार्यालय तर्फ खरिद गरिएका जिन्सी सामाग्रिको अभिलेख पाम्स (PAMS) मा राखेको पाइएन।पालिका तथा वडा कार्यलय मा अलग अलग जिन्सी खाता राख्ने गरेको पाइयो।अत सबै जिन्सी सामाग्रिहरुको पाम्स (PAMS) मा एकिकृत जिन्सी अभिलेख राख्नु पर्दछ र लिलाम तथा मर्मत गर्नुपर्ने जिन्सी सामानको नियमावली ले तोके वमोजिम लिलाम मर्मत गर्नु पर्दछ। | |
| ३७ | | | **जिन्सि सहायक खाता**<br>महालेखा नियन्त्रक कार्यालयको पत्र संख्या २०७६/७७, च नं १, मिति २०७६/४/१ को पत्र अनुसार माननीय महालेखापरीक्षक ज्यू बाट स्वीकृत भएका म ले प फारमहरु प्रयोगमा ल्याउनुपर्ने व्यवस्था बमोजिम कार्यालयले म ले प फारम ४१२ बमोजिमको ढाँचामा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | मालसामान बुझिलिने र बुझाउनेको नाम र दस्तखत, मालसामानको नाम, परिमाण, स्पेशिफिकेशन, सामानकको पहिचान नं, मोडल नं, सामान बुझाएको र फिर्ता गरेको मिति र मुल्य समेत खुलाइ जिन्सि सहायक खाता राख्नुपर्ने व्यवस्था छ। पालिका ले जिन्सि सहायक खाता राखेको पाइएन। तोकिएको ढाँचामा जिन्सि सहायक खाता राख्नु पर्दछ। | |
| ३८ | | | **आन्तरीक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन । यस सम्बन्धि देखिएका थप व्यहोराहरु देहायअनुसार छन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार पालिकालेआफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको देखिएन<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन<br>· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन<br>· पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन<br>· गाउँपालिकाले जिन्सी मालसामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता राखेको पाईएन<br>· गाउँपालिकाले वडा कार्यालयमा रहेको जिन्सी मालसामानको अभिलेख मूल जिन्सी खातामा अद्यावधिक गरेको पाईएन<br>· गाउँपालिकाले जिन्सी निरिक्षण गरेको पाईएन<br>· कट्टा गरेको कर तोकिएको अवधीमा सम्बन्धित राजस्व खातामा जम्मा गरेको पाइएन<br>• पालिकाले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाइएन<br>· सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन<br>• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गरेको पाइएन<br>• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको पाइएन<br>• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गर्ने गरेको पाइएन<br>• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको पाइएन<br>• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गर्ने व्यवस्था कार्यान्वयन नभएको<br>• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका अभिलेखहरु अद्याबधिक गरेको पाइएन<br>• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको छैन<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको पाइएन<br>• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखे को पाइएन<br>• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटि अन्त्य गर्नु पर्दछ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · सरकारी कार्यालयको बेरुजु लगत राख्न म.ले.प. फा.नं. ८०१ देखि ८०५ सम्म तपसिलको फारमहरुको व्यवस्था रहेकोमा पालिकाले तोकिएको ढाँचामा बेरुजु लगत अद्यावधिक गरेको पाईएन<br>· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन<br>• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका तयार गरेको पाइएन<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन<br>· मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन | |
| | | | · सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन। सफ्टवेयर फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन। | |
| | | | · गाउँपालिकाले म.ले.प. फारमा ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र ९०६ बमोजिमको सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको पाईएन । | |
| | | | · भ्रमण खर्च नियमावली २०६४ को नियम २१ वमोजिम कार्यालयले भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले भ्रमण अभिलेख खाता राखेको पाईएन ।<br>· सरकारी भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रतिवेदन संलग्न गरेरमात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्नेमा गाउँपालिकाबाट भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८८ मा कार्यालयले वेरुजुको लगत राखुपर्ने व्यवस्था छ । गाउँपालिकाले आ.व. ०७३/७४ पछिको वेरुजुको लगत राखि अद्यावधिक गरेको पाइयो त्यस अघिको वेरुजुको लगत अद्यावधिक गरेको पाइएन ।<br>आन्तरिक नियन्त्रण व्यवस्थाले मितव्ययिता पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रवधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नु पर्दछ। | |
| ३९ | | | **विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु १२९२५२४।र वडा कार्यालय तर्फ एकमुष्ट प्रसाशनिक खर्च संगै विविध खर्च हुने गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ४० | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन ।पालिकाले आर्थिक सहायता सम्वन्धि कानूनी व्यवस्था समेत गरेको पाइएन। यस स्थानीय तहले विमारी को लागि आर्थिक सहायता बापत रु ६७३०००। थुलुङ दुधकोशि प्राविधिक शिक्षालय लाइ रु २८२४०००।जनता मा वि लाइ रु १०९९१२०। जनकल्याण मा वि लाइ रु २००००० गरि जम्मा रु ४१२३१२० शैक्षिक सहायता गरि रु ४७९६१२०।सहायता वितरण गरेको पाइयो।अन्य सस्था सहायता रु ५०००००, छात्रबृति रु८१५००० गरि जम्मा रु १३१५००० आर्थिक सहायता वितरण गरेको पाइयो। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ४१ | | | **संगठन संरचना /दरवन्दी पदपुर्तिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण मा प्राप्त विवरण अनुसार स्वास्थ्य समेत ९२ दरवन्दि मा ३३ पदपूर्ति र ६८ रिक्त देखिएको मा पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाईएन। अतः संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संगठन संरचना कायम तथा दरवन्दि स्विकृत गरि पदपुर्ति गर्नु पर्दछ। | |
| ४२ | | | **तलवि प्रतिवेदन**<br>निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ पालिकाले आर्थिक वर्ष २०७७।७८ को तलवी प्रतिवेदन पारित नगरि तलव भत्तामा रु. १५४२२१५३/- खर्च लेखेको पाइयो । तलवी प्रतिवदेन पारित नभएकोले वास्तविक तलव तथा ग्रेड रकमको खर्च यकिन गर्ने अवस्था रहेन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ । | |
| ४३ | | | **करार कर्मचारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको अधिकार क्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरि संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी विवरण तयार नगरि स्वाथय तर्फ ४० समेत जम्मा ८६ जना कर्मचारी करारमा राखि रु पारिश्रमिक कर्मचारी(२११११) बाट रु १०१६९५७५/ करार सेवा शुलक वाट रु १०५६३५२५। गरि रु २०७३३१००।तलव भत्तामा खर्च लेखेको छ। खर्च शिर्षक को समेत पालना भएको पाइएन।<br>त्यसैगरीसोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालयसहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचेल गायतका पदमा मात्र करार वाट सेवा लिनसकिने व्यवस्था गरेकोछ।स्थानीय तहले माथिउल्लेखित पदवाहेकको सहायक सव ओभसियर १ जना, अमिन १ जना, कम्प्युटर अपरेटर ९ जना गरि जम्मा ११ जना करार नियुक्ति गरी बर्षभरीमा रु. २२४१२००। भुक्तानीगरेकोले अनियमित देखिएको रु. | २,२४१,२०० |
| ४४ | | | **सेवा प्रवाह**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहले आफ्नो नागरिकहरुलाई प्रदान गरेका सेवा र सोको प्रभावकारिता सम्बन्धमा अनुगमन तथा पृष्ठपोषण समेत लिई सेवाको गुणस्तर समेतमा आश्वस्त भई सेवा प्रवाह सञ्चालन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पालिकाले २०७८।७९ को अवधिमा प्रदान गरेको सेवाहरु सम्बन्धि विवरण माग गरिएकोमा विवरण पेश हुन नआएकोले पालिकाको सेवा प्रवाहको अवस्था सम्बन्धमा थप विश्लेषण गर्न सकिएन । | |
| ४५ | | | **शिक्षा अभिलेख व्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५.१ | | | पालिकाले आफु मातहतका विद्यालयहरुको अनुगमन मापदण्ड स्वीकृत गरी सोको आधारमा विद्यालयहरुको अनुगमन गर्नुपर्नेमा अनुगमन मापदण्ड स्वीकृत गरि लागु गरेको पाइएन । | |
| ४५.२ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम पालिकाले आफु मातहतका निजी विद्यालयहरुको व्यवस्थापन तथा अनुगमन सम्बन्धी मापदण्ड समेत तयार गरी शुल्क निर्धारण समेतको व्यवस्था गर्नुपर्नेमा सो अनुसार को मापदण्ड स्वीकृत गरि लागु गरेको पाइएन । | |
| ४५.३ | | | **शिक्षक तलबी प्रतिवेदन र तलबभत्ता :-** स्थानीय तह मातहत रहेको विध्यालयमा कार्यरत रहेका शिक्षकको तलबभत्ता भुक्तानी गर्दा शिक्षक कितावखाना वाट पारित तलवी प्रतिवेदन समेतको आधारमा मात्र भुक्तानी गर्नुपर्नेमा पालिकाले तलबभत्ता भुक्तानी गर्दा तोकिए बमोजिम तलबी प्रतिवेदन पारित नगरेको, विध्यालयगत निकासा अभिलेख खाता, शिक्षक संख्या, राहत तथा करार शिक्षक तथा इसिडीका स.का हरुको अध्यावधिक अभिलेख तयार नगरकोले शिक्षक तलबभत्ता खर्च गरेको रकम यकिन हुने अवस्था देखिएन । नियमानुसारका अभिलेख र प्रतिवेदन पारित गरेर मात्र तलबभत्ता खर्च गर्नुपर्दछ । | |
| ४६ | | | **वित्तिय विवरणको विश्लेषण** | |
| ४६.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेमा स्थानीय तह विपद व्यवस्थापन कोषलाई सुत्रमा समावेश गरेको छैन ।नरहेको | |
| ४६.२ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा पालिकाको २०७९ आषाढ मसान्तमा चालु खर्च खातामा रु.८३०३२६०।- र पुँजिगत खर्च खातामा रु.१६१००२७७।- मौज्दात रहेको देखियो । | |
| ४६.३ | | | गत वर्षको वित्तीय विवरणमा देखाएका कोष, शीर्षक बमोजिमका रकमहरु यस वर्ष जम्मेवारी सारी हिसाब अद्यावधिक गर्नुपर्नेमा पालिकाको २०७७।७८ को अन्त्यमा मौज्दात रु.३५८९७४९२।७३ रहेकोमा यस वर्ष म.ले.प.फा.नं.२७२ मा गत वर्षको जिम्मेवारी रु.१७८८०३०६।९७ देखिएकोले फरक परेको जिम्मेवारी सम्बन्धमा हिसाब भिडान विवरण तयार गरी लेखापरीक्षणमा पेश नगरेकोले फरक रकम सम्बन्धमा हिसाब मिलान विवरण तयार गरी सो को प्रमाण पेश गर्नु पर्दछ । | |
| ४६.४ | | | कार्यालयले बैक खाता र श्रेस्ताको कारोवारको फरकलाई पुष्टि गर्ने बैक हिसाव मिलान विवरण(म.ले.प.फा.न. २१२ ) तयार गरी वित्तीय प्रतिवेदन साथ पेश गर्नुपर्नेमा यस वर्ष म.ले.प.फा.नं. २७२ मा वर्षान्तको मौज्दात रु.३९२९७९१४।८७ देखाएकोमा बैंक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | मौज्दात बाँकी रु.४८२५७९१४।८७ देखिएकोले बैंक बढि देखाएको सम्बन्धमा हिसाब मिलान विवरण तयार गरी पेश गर्नु पर्दछ । | |
| ४६.५ | | | स्थानीय तहमा प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम, पूर्वाधार विकास साझेदारी कार्यक्रम, लगायतलाई समेटी वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ ) तयार गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । | |
| ४७ | | | **लगानीको आधार**<br>स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीयतहबाट अन्य निकाय वा व्यक्तिलाई दिएको अनुदान सो स्थानीयतहको विनियोजन ऐन बमोजिम हुनु पर्ने व्यवस्था छ । पालिकाले दुधकोशि सामुदायीक अस्पताललाई संघीय सरकार, प्रदेश सरकारवाट प्राप्त शसर्त र समानिकरण अनुदानको रकम २०७५।७६ देखी समेत निकासा दिई खर्च गरेकोमा निम्नानुसार देखिएको छ ।<br>**कानून निति, योजना र मापदण्ड वेगरको लगानी :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ मा गाँउपालिकाको अधिकार सम्वन्धी व्यस्था छ । ऐनको उक्त दफा को ११(७) मा यस दफा अन्तर्गतका काम कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून, निती, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागु गर्न सकिने व्यवस्था छ । पालिकाले आ.ब२०७५।७६ देखी दुधकोशी सामुदायिक अस्पताल निर्माण गर्ने कार्यक्रम समावेश गरी यो वर्ष समेत संघिय शर्शत अनुदान प्रदेश समानिकरण अनुदान, गा.पा. पुँजिगत, बजेट समेतवाट रु.२७३,८५०००।- थप लगानी गरेको पाईयो । पालिकाले २०७७।७८ मा समेत उक्त अस्पतालमा रु.३,३२,५०,०००।- तथा २७६।७७ मा रु. १ करोड समेत यो वर्ष सम्म नगद लगानी रु.७०६,३५,०००।- पुगेको छ । यसको अतिरिक्त आ.व.२०७५।७६ मा समेत अस्पताल उपकरण खरिद शिर्षकमा समेत पेश्की रकम उपलब्ध गराएको छ । लेखापरीक्षणलाई प्राप्त उक्त अस्पतालमा पालिकाले लगानी गर्ने सम्वन्धी २०७६।२।२६ को अस्पताल निर्माण सम्झौतामा पालिका प्रथम पक्ष हुने र दुधकोशी सामुदायिक अस्पताल दोश्रो पक्ष रही पहिलो पक्षले सामुदिक अस्पताल निर्माणमा व्यवस्थापन गर्ने, गाँउपालिका मार्फत प्राप्त हुने शर्शत, निर्शत र समपुरक अनुदान अस्पताल निर्माण ठेक्का प्रगति आधारमा निकासा दिने, दोश्रो पक्षाले कुनै आर्थिक वर्षमा कुनै प्रकारको रकम विनियोजन वा व्यवस्थापन नगरेको अवस्थामा प्रथम पक्षले कुनै प्रकारको दावी भुक्तानी गर्न सक्ने छैन । सम्झौताको अवधी निर्माण चरण सम्म रहने, सामुदायिक अस्पताल निर्माण पश्चात संचालन तथा व्यस्थापन प्रथम पक्ष र दोश्रो पक्ष वीचमा आवश्यक समन्वय र सहकार्य गरिने शर्त रहेको देखियो । यो वर्षको रकम निकासा गर्दा अस्पतालको निर्माण अन्तिम चरणमा पुगेको समेत उल्लेख छ । गाँपालिकाको अध्यक्ष नै अस्पतालका संचालन समिति अध्यक्ष रहेको र प्रथम पक्षमा पालिका अध्यक्ष र दोश्रो पक्षमा अस्पतालका कोषाध्यक्षले सम्झौता गरी कुल योजना लागत उल्लेख नभएको, लगानीको हिस्सा निर्धारण नगरिएको, संचालन पद्धती स्वीकृती नभएको, अस्पतालको मापदण्ड र संचालन स्वीकृतको अवस्था र पालिकाले अस्पतालमा गरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लगानी शेयर वा ऋण नखुलेको हालसम्म पालिकाको तर्फवाट अस्पताल निर्माण समिति वा संचालनमा प्रतिनिधित्व सम्वन्धी कानून निर्माण नगरि संघिय सरकार, प्रदेश सरकार तथा पालिकावाट रकम विनियोजन गर्दै पटक पटक लगानी गरेको अस्था देखियो । सम्झौताको शर्तमा अस्पताल (दोश्रो पक्षा) ले आर्थिक वर्षमा वजेट व्यवस्थापन नगरेमा प्रथम पक्षाले (गाँउपालिका) कुनै दावी भुक्तान गर्न सक्ने छैन भन्ने व्यवस्था रहेकोमा यो वर्ष र गत वर्ष समेत दोश्रो पक्षले अस्पतालमा गरेको खर्च (लगानी) विवरण पालिकालाई उपलब्ध नै नगराएको अवस्थामा समेत शर्तको पालना नगरी संघ शर्शत, प्रदेश समानीकरण तथा गा.पा पुँजिगत वजेटवाट एकमुष्ठ निकासा दिई खर्च गरेको सम्बन्धमा पुन छानविन गरी भुक्तानी रकम सम्झौताको शर्त अनुरुप भए नभएको यकिन गर्नुपर्ने साथै ऐनको व्यवस्था वमोजिम अस्पताल संचालन सम्वन्धी कानून र कार्यविधि समेत स्वीकृत गरी पालिकाको लगानी तथा अन्य लगानीको हक हिस्सा र अस्पताल संचालन कार्यविधि निर्धारण गर्नुपर्दछ । | |
| ४८ | | | **अनुदान फिर्ता** | |
| ४८.१ | | | **कार्यविधि विपरितको खर्च** :- प्रदेश समपुरक अनुदान कार्यान्वयन निर्देशिका वमोजिम समपुरक अनुदान बारे स्वीकृत योजनामा स्थानीय तहले ३० प्रतिशत लागत सहभागिता व्यहोर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई यो वर्ष प्राप्त प्रदेश समपुरकवाट स्वीकृत योजनामा पालिकाले सहभागिता रकम थप गरेको पाइएन । समपुरक अनुदान वापत रु.६४०००००।— निकासा प्राप्त गरेकोमा नेले-चारघरे-पालिका केन्द्र सडकमा रु.५४३१९६१।७६ मात्र खर्च भएकोले वचत रकम प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रु.९६८०३८।२४ मस्यौदा प्रतिवेदन उपलब्ध गराएपछी २७९।०८।२९ मा मात्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरेको भौचर पेश भएको छ । तोकिए बमोजिम खर्च नभएको रकम सम्बन्धित आर्थिक वर्ष भित्रै फिर्ता गर्नु पर्दछ । | |
| ४८.२ | | | संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकालाई यस वर्ष प्राप्त निम्नानुसारका अनुदान रकम खर्च नभई बाँकी रहेकोमा सम्बन्धित संघिय संचितकोष र प्रदेश संचितकोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.२५५४१९२२।५२ मस्यौदा प्रतिवेदन उपलब्ध गराएपछी २७९।०८।२९ मा मात्र कोष तथा लेखा नियन्त्रक कार्यालयमा निम्नानुसारको बाँकी रकम फिर्ता गरेको भौचर पेश भएको छ । तोकिए बमोजिम खर्च नभएको रकम सम्बन्धित आर्थिक वर्ष भित्रै फिर्ता गर्नु पर्दछ ।<br>संघिय सरकार \| प्रदेश सरकार | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शर्सत चालु १९०२४६२०।१३ शर्सत चालु ५००००।- <br> पुँजिगत ६४६७३०२।३९ <br> जम्मा २५४९१९२२।५२ जम्मा ५००००।- | |
| ४९ | | | **बजेट कार्यान्वयन** | |
| ४९.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले आ.ब.२०७८।७९ को बजेट पारित गर्दा चालु खर्च तर्फ रु.६०,००,०००।- अबण्डामा राखी पारित गरेकोले कानूनको व्यवस्थाको पालना भएको पाईएन । कानूनको व्यवस्थाको पालना हुनु पर्दछ । | |
| ४९.२ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ रकमान्तर सम्बन्धी व्यवस्था छ । पालिकाले सभाबाट पारित २०७८।७९ को बजेट लाई रकमान्तरबाट योजना थप घट गरी खर्च गरेकोमा चालु खर्च तर्फका ३२ वटा योजनाबाट २५ वटा योजनामाा रु.१७८०७७००।- तथा पुँजिगत तर्फका १८ योजनाबाट ६८ योजनामा रु. ३६७१६७७८।- रकमान्तर गरी योजना थप गराई खर्च गरेको छ । सभाबाट पारित बजेट र योजनालाई रकममान्तरबाट थप नयाँ योजना छुट्याई खर्च गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ । | |
| ४९.३ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । | |
| ४९.४ | | | कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गर्नुपर्नेमा सो अनुसार गर्ने गरेको पाइएन । | |
| ४९.५ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम स्थानीय तहले आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण समिति गठन गरी सुझाव सहित बजेट तर्जुमा भएता पनि राजश्व परिचालन यथार्थ देखिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०</td><td></td><td></td><td>कोभिड १९ तर्फ</td><td></td></tr>
<tr><td>५०.१</td><td></td><td></td><td>कोभिड १९ को संक्रमण नियन्त्रण तथा रोकथाम सम्बन्धी कार्य संचालन गरी यस वर्ष समेत पालिकाले कोभिड उपचार केन्द्र क्वारेन्टीन र आईसोलेसन व्यवस्थापन कार्यमा खर्च गरेकोमा कोभिड उपचार केन्द्रमा खरिद गरिएका मेशिन औजार तथा औषधीहरु पालिकाको एकिकृत जिन्सिमा समावेश नगरेकोले खरिद गरिएका उपकरण तथा बाँकी औषधी समेत पालिकाको मुल जिन्सी अभिलेखमा अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५०.२</td><td></td><td></td><td>पालिकाले कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७८।७९ मा निम्नानुसार रकम प्राप्तगरी खर्च गरेको पाईयो ।
<table>
<tr><th>आय</th><th>रकम</th><th>ब्यय</th><th>रकम</th></tr>
<tr><td>गत वर्षको जिम्मेवारी रकम रु.</td><td>१९६१८३५.१६</td><td>पारीश्रमिक</td><td>११५७१६१.००</td></tr>
<tr><td>संघिय सरकार कोभिड</td><td>४०६००००.००</td><td>सवारी भाडा</td><td>२८५०००.००</td></tr>
<tr><td></td><td></td><td>औषधी खरिद</td><td>१३९६९०००.००</td></tr>
<tr><td></td><td></td><td>संघिय सरकार फिर्ता</td><td>४०६००००.००</td></tr>
<tr><td></td><td></td><td>बचत</td><td>५१९६७४.१६</td></tr>
</table>
पालिकालाई प्राप्त कोभिड १९ वाट प्रभावित नागरकि राहत रकम रु.४०६००००।- लाई वितरण नगरी फिर्ता पठाएको छ । २०७८ श्रावण पश्चात कोभिड -१९ को संक्रमण घटी रहेकोमा पालिका अन्तर्गत कोभिड उपचार केन्द्र लाई २०७८।७९ को अवधिमा समेत यथावत संचालन गरी स्वास्थयकर्मीको तलब भत्ता भक्तानी चालु राखेको पाइयो । अस्थायी रुपमा खडा गरी संचालन गरएको कोभिड उपचार केन्द्रलाई आवश्यकताको आधारमा मात्र संचालन गर्न पर्ने नपर्ने सम्बन्धमा निर्णय गरी थप खर्चको अवस्थामा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५०.३</td><td></td><td></td><td>पालिकाले संचालन गरेको कोभिड १९ उपचार केन्द्रमा २०७८ मंशिर देखि चिकित्सक खाली रहेको तर २ जना स्टाफनर्स र कार्यालय सहयोगीलाई काममा लगाई तलब भत्ता भुक्तानी गरेको पाईयो ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५०.४ | | | स्थानीय तहले कोभिडको संभावित लहरको आँकलन र पूर्वतयारी सम्बन्धी कार्य गर्नुपर्ने व्यवस्था भएतापनि संभावित लहर जोखिम आँकलन र पूर्व तयारी सम्बन्धी कार्य सम्पादन भएको पाईएन । | |
| ५१ | | | **धरौटी**<br>कार्यालयले महालेखापरीक्षक कार्यालयबाट स्वीकृत फारम म.ले.प.फारम नंः ६०१-६०८ प्रयोग गरी धरौटीको व्यक्तिगत अभिलेख समेत राखु पर्नेमा सो अनुसार रौटीको व्यक्तिगत अभिलेख तयार गरी अद्यावधिक गरेको पाइएन । | |
| ५२ | | | **खरिद व्यवस्थापन**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राखुपर्नेमा पालिकाले नियमले तोके बमोजिमको खरिद कार्य अभिलेख तयार गरेको पाईएन । | |
| ५३ | | | **कानून निर्माण तथा कार्यन्बयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था भएकोमा लेखापरीक्षणलाइ प्राप्त विवरण अनुसार पालिकाले हाल सम्म १८ऐन ३ नियमावली १९ कार्यविधि २ निर्देशिका १ निति १ योजना निर्माण भइ कार्यान्वयनमा ल्याएको छ। | |
| ५४ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम आर्थिक वर्षको अन्तसम्म फस्यौंट हुन बाँकी पेश्की तोकिएको कार्य पूरा गराई असुल फस्यौंट र नियमित हुनुपर्ने रु. | |

| पेश्की लिने व्यक्ति, फर्म वा कम्पनीको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|
| **(ख) निर्माण व्यवसायी पेश्की** | | |
| राम सागर । नेपाल फुलवारी जे.भी. | १५,००,००० | |
| राम सागर । नेपाल फुलवारी जे.भी. | १५,००,००० | |
| **जम्मा पेश्की** | ३०,००,००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौंट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।<br>कार्यालयले डोर समक्ष गत विगतको वेरुजु फर्स्यौट गरी सम्परीक्षणको लागि पेश गरेकोमा दाखिला गर्नु पर्ने रकम असुल भै नआएकोले फर्स्यौंट भएको छैन । | |